# समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरण र यसको प्रभाव

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय अन्तर्गत पाठ्यक्रम तथा मूल्यांकन
विषयको स्नातकोत्तर तह द्वितिय वर्ष कोर्ष नं. ५९८ को
आवश्यकता परिपूर्तिको लागि प्रस्तुत
शोधपत्र

प्रस्तुतकर्ता

जीवन पौडेल
एम.एड. दोस्रो वर्ष
परीक्षा रोल्नं. २१८०१२३-२०६६
त्रि.वि. दर्ता नं. ४१३९०-९२
क्याम्पस रोल्नं. १३६
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी
२०६८

शोध प्रस्तावना स्वीकृत मितिः १५ अगस्ट, २०११
शोध प्रतिवेदन बुझाएको मितिः ४ नोभेम्बर, २०११
शोध प्रतिवेदन स्वीकृत मितिः २२ फेब्रुअरी, २०१२

## सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय पाठ्क्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितिय वर्षका छात्र श्री जीवन पौडेलले “समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरण र यसको प्रभाव” नामक शीर्षकको शोधपत्र मेरो सल्लाह, सुझाव र सुपरिवेक्षणमा तयार पार्नुभएको छ । उक्त शोधकार्य निजको आफ्नो स्वतन्त्र अध्ययन हो । प्रस्तुत शोधपत्र मैले निर्दिष्ट गरेको ढाँचामा तयार पारिएकोले मूल्याङ्कनको लागि सिफारिस गरेको छु ।

मिति : २२ फेब्रुअरी, २०१२

....................................

श्री राजन शर्मा

शोध निर्देशक

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय
पाठ्यक्रम तथा मूल्याङ्कन विभाग
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी

स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय पाठ्क्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितिय वर्षको Ed. 598 शोधपत्रको आंशिक आवश्यकता परिपूर्तिका लागि "**समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरण र यसको प्रभाव**" नामक शीर्षकमा श्री जीवन पौडेलद्वारा तयार पारिएको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

| मूल्याङ्कन समिति | हस्ताक्षर |
| --- | --- |
| १. श्री टोलनाथ काफ्ले | ................................. (विभागिय प्रमुख) |
| २. श्री राजन शर्मा | .................................. (शोध निर्देशक) |
| ३. ध्रुव खनाल | ............................. ..... (बाह्य निरिक्षक) |

मितिः २२ फेब्रुअरी, २०१२

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरीमा पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता पुरा गर्न समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरण र यसको प्रभाव विषयक शीर्षकमा यो सोधपत्र तयार पारिएको छ ।

प्रस्तुत शोधपत्र पुरा गर्न प्रारम्भ देखि अन्त्य सम्म नियमित सुपरिवेक्षण, मार्गनिर्देशन र अमूल्य सहयोग प्रदान गर्नुहुने आदरणिय गुरु श्री राजन शर्मा प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस शोधकार्य गर्नका लागि उपयुक्त सरसल्लाह र सुझाव प्रदान गर्नुहुने जनता बहुमुखी क्याम्पस इटहरी पाठ्क्रम तथा मूल्याङ्कन विभागका विभागिय प्रमुख आदरणिय गुरु श्री टोलनाथ काफ्ले, क्याम्पस प्रमुख श्री नारद उप्रेती र गुरु श्री शान्तिराम दाहाल प्रति कृतज्ञता ज्ञापन गर्दछु ।

अध्ययनको क्रममा आवश्यक सूचनाहरु उपलब्ध गराएर सहयोग पुऱ्याउनुहुने जिल्ला शिक्षा कार्यालय मोरङका विद्यालय निरिक्षक द्वय श्री लेखनाथ लुइटेल र श्री ओम कट्वाल, लेटाङ श्रोतकेन्द्रका श्रोतव्यक्ति श्री कृष्णबहादुर विष्ट, अध्ययनको लागि छनौट गरिएका विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, प्रधानाध्यपकहरु, शिक्षकहरु, जिल्ला शिक्षा कार्यालय मोरङका कर्मचारीहरु, सम्बन्धित विद्यालयका अभिभावकहरु एवं यस अध्ययनमा सहयोग पुऱ्याउनुहुने सवै व्यक्तिहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै यस शोधपत्र तयार पार्ने क्रममा अमूल्य सहयोग गर्नुहुने मित्रहरु झमक प्रसाद लुइटेल, पारस लुइटेल, लेखनाथ पौडेल र भवनाथ गौतम पनि धन्यवादका पात्र हुनुहुन्छ । अन्त्यमा यस शोधकार्यलाई कम्प्युटराइज गरी सहयोग पुऱ्याउनुहुने श्रद्धा डिजिटल फोटो स्टुडियो लेटाङका श्री टिकाराम न्यौपाने प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

जीवन पौडेल

एम.एड. दोस्रो वर्ष

२०६८

# शोधसार

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिको लागि "समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरण र यसको प्रभाव" सम्बन्धि शोधपत्र तयार पारिएको छ । यस शोधपत्रमा अध्ययन क्षेत्रका समुदायमा व्यवस्थापन हस्तान्तरण भएका विद्यालयहरुमा समुदायमा हस्तान्तरण पछि शैक्षिक उपलब्धीमा देखिएको अन्तर, आर्थिक एवं भौतिक क्षेत्रमा परेको प्रभाव, व्यवस्थापकिय पक्ष र समुदाय सँगको सम्बन्धमा परेको प्रभावको अध्ययन गर्नु जस्ता उद्देश्यहरुमा आधारित रही खोजकार्य गरिएको छ । अध्ययनको लागि सुविधाजनक नमूना छनौट विधिबाट मोरङ जिल्लाका सामुदायिक विद्यालयहरु मध्ये समुदायमा व्यवस्थापन हस्तान्तरण भएका पाँचवटा विद्यालयहरु र समुदायमा व्यवस्थापन हस्तान्तरण नभएका पाँचवटा विद्यालयहरुलाई नमूनाको रुपमा छनौट गरिएको छ । त्यसैगरी उद्देश्यपूर्ण नमूना छनौट विधिबाट जिल्ला शिक्षा कार्यालय मोरङका विद्यालय निरिक्षक र श्रोतव्यक्ति, सम्बन्धित विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकलाई छनौट गरिएको छ भने सम्भावनामा आधारित नमूना छनौट विधिबाट शिक्षक र अभिभावकहरुलाई नमूनाको रुपमा छनौट गरिएको छ । छनौट गरिएका विद्यालय र व्यक्तिहरुबाट तथ्याङ्क संकलन गर्नको लागि तथ्याङ्क संकलनका प्राथमिक र द्वितीय स्रोतहरु अन्तर्वार्ता, प्रश्नावली, रुजुसूची, विद्यालय अभिलेख जस्ता साधनहरुको उपयोग गरिएको छ । तथ्याङ्क संकलन गर्नको लागि विद्यालय निरिक्षक र स्रोतव्यक्तिहरुको लागि अन्तर्वार्ता निर्देशिकाको प्रयोग गरिएको छ भने विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक र अभिभावकहरुका लागि प्रश्नावलीको प्रयोग गरिएको छ । त्यसैगरी विद्यालयका शैक्षिक प्रगतीका सुचकहरु, आर्थिक एवं भौतिक अवस्थाको जानकारी लिन रुजुसूची र विद्यालय अभिलेखको प्रयोग गरिएको छ । विभिन्न साधनहरुको उपयोग गरी विभिन्न व्यक्तिहरुबाट प्राप्त भएका तथ्याङ्कहरुको प्रस्तुतीकरण र विश्लेषण गर्ने क्रममा प्राप्त तथ्याङ्कहरुलाई तालिकामा प्रस्तुत गरी व्याख्या गर्नुका साथै प्रतिशतमा देखाउने र स्तम्भ चित्रमा देखाउने कार्य गरिएको छ ।

अध्ययनको क्रममा संकलित तथ्याङ्क र तिनको विश्लेषणबाट समुदायद्वारा विद्यालयको व्यवस्थापन हुँदा राम्रा र नराम्रा दुवैखाले प्रभावहरु देखिएका छन् । शैक्षिक प्रगतीका सूचकहरु उच्च भएको, विद्यालयको आर्थिक र भौतिक पक्षमा सुधार भएको, विद्यालय र समुदायको

विचमा घनिष्ट सम्वन्ध भएको, विद्यालय व्यवस्थापन समितिले स्वायत्तता प्राप्त गरेको, समुदायमा विद्यालय हाम्रो हो भन्ने भावनाको विकास भएको जस्ता राम्रा प्रभावहरु देखिएका छन् । त्यसैगरी समुदायमा पूर्ण व्यवस्थापकिय कार्यकुशलता नभएको, शिक्षकहरुमा पेशागत सुरक्षालाई लिएर चिन्ता उत्पन्न भएको, विद्यालयमा राजनीतिक चलखेल बढेको, सरकार आफ्नो दायित्वबाट पन्छन खोजेको जस्ता नराम्रा प्रभावहरु देखिएका छन् ।

विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने कार्यक्रमलाई प्रभावकारी वनाउन अभिभावकहरुको क्षमता अभिवृद्धि गर्नुपर्ने, शिक्षकहरुको पेशागत सुरक्षाको लागि शिक्षकहरुका प्रतिनिधिमुलक संस्थाहरुलाई आश्वस्थ पार्नुपर्ने, विद्यालयलाई शान्तिक्षेत्र वनाउन राजनीतिक पार्टीहरुले प्रतिवद्धता जाहेर गर्नुपर्ने, राज्य शिक्षाको दायित्वबाट पन्छदैन भनेर जनतालाई विश्वास दिलाउनु पर्ने, स्थानिय स्रोत र साधनको उपयोग अधिकतम रुपमा गर्न अभिभावकहरुलाई उत्प्रेरित गर्नुपर्ने, विद्यालय व्यवस्थापन समिति विद्यालयको सर्वेसर्वा निकाय होइन केवल विद्यालय विकासको सहयोगी हो भन्ने सचेतता वि.व्य.स.मा ल्याउनु पर्ने, कार्यक्रमको प्रभावकारीता वारे विच-विचमा मूल्याङ्कन गरी समय सापेक्ष सुधार गर्दै जानुपर्ने जस्ता सुझावहरु अध्ययनले प्रस्तुत गरेको छ ।

## विषय सूची


| | |
|---|---|
| | पेज नं. |
| सिफारिस पत्र | I |
| स्वीकृति पत्र | II |
| शोधसार | III-IV |
| कृतज्ञता ज्ञापन | V |
| परिच्छेदः एक | १-९ |
| परिचय | |
| १.१ अध्ययनको पृष्ठभूमी | १-५ |
| १.१.२ अध्ययनको परिचय | ५-६ |
| १.२ समस्याको कथन | ६-७ |
| १.३ अध्ययनको औचित्य | ७ |
| १.४ अध्ययनको उद्देश्य | ७-८ |
| १.५अध्ययनको परिसीमा | ८ |
| १.६ शब्दावलीको अर्थ र परिभाषा | ८-९ |
| परिच्छेद : दुई | |
| शैद्धान्तिक ढाँचा तथा सम्बन्धित साहित्यको पुनरावलोकन | १०-१५ |
| २.१ सैद्धान्तिक ढाँचा | १०-११ |
| २.२ सम्बन्धित साहित्यको पुनरावलोकन | ११-१४ |
| २.३ शैक्षिक उपादेयता | १४-१५ |

परिच्छेद : तीन

अध्ययन विधि १६-१९

३.१ अनुसन्धान ढाँचा १६

३.२ जनसंख्या १६

३.३ नमूना छनौट १६

३.३.१ जिल्ला र गा.वि.स.को छनौट १६

३.३.२ विद्यालयको छनौट १६-१७

३.४ तथ्याङ्क संकलनका स्रोतहरु १७

३.४.१ प्राथमिक स्रोत १७

३.४.२ द्वितिय स्रोत १७

३.५ तथ्याङ्क संकलनका साधनहरुको निर्माण १७

३.५.१ असंरचित अन्तर्वार्ता १७-१८

३.५.२ प्रश्नावली १८

३.५.३ रुजुसूची १८

३.६ साधनको वैधता १८

३.७.१ प्राथमिक स्रोतबाट तथ्याङ्क संकलन प्रकृया १८-१९

३.७.२ द्वितिय स्रोतबाट तथ्याङ्क संकलन प्रकृया १९

३.८ तथ्याङ्क विश्लेषण र प्रस्तुती १९

परिच्छेद : चार २०-२५

अध्ययन क्षेत्रको परिचय

४.१ अध्ययन क्षेत्र मोरङ जिल्लाको परिचय २०-२१

४.२ अध्ययन क्षेत्रमा पर्ने गा.वि.स.हरुको परिचय २१-२४

४.३ अध्ययन क्षेत्रको नक्शा २५

परिच्छेद : पाँच २६-५४

तथ्यांकको प्रस्तुती र विश्लेषण

५.१ समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरणबाट विद्यालयको शैक्षिक उपलब्धिमा देखिएको अन्तर २६-४०

५.२ विद्यालयको व्यवस्थापन समुदायलाई दिँदा विद्यालयको आर्थिक एवं भौतिक क्षेत्रमा परेको प्रभाव ४०-४५

५.३ विद्यालयको व्यवस्थापन समुदायलाई दिँदा विद्यालयको व्यवस्थापकिय पक्ष र समुदायसँगको सम्वन्धमा परेको प्रभाव ४५-५४

परिच्छेद : छ ५५-६०

प्राप्ति, निष्कर्ष र सुझावहरु

६.१ प्राप्ति ५५-५७

६.२ निष्कर्ष ५८-५९

६.३ सुझावहरु ५९-६०

सन्दर्भ सामग्री ६१

अनुसूचीहरु

तालिका सूची

| | पेज नं. |
|---|---|
| १. समुदायमा हस्तान्तरण भएका विद्यालयहरुको उत्तिर्णदर र सिकाई उपलब्धी | २७ |
| २. समुदायमा हस्तान्तरण नभएका विद्यालयहरुको उत्तिर्णदर र सिकाई उपलब्धी | २८ |
| ३. समुदायमा हस्तान्तरण भएका विद्यालयहरुको कक्षा छोड्ने र दोहोर्‍याउने दर | ३० |
| ४. समुदायमा हस्तान्तरण नभएका विद्यालयहरुको कक्षा छोड्ने र दोहोर्‍याउने दर | ३२ |
| ५. समुदायमा हस्तान्तरण भएका विद्यालयहरुको शिक्षक र विद्यार्थीको औषत उपस्थिती | ३४ |
| ६. समुदायमा हस्तान्तरण नभएका विद्यालयहरुको शिक्षक र विद्यार्थीको औषत उपस्थिती | ३६ |
| ७. समुदायमा हस्तान्तरण भएका विद्यालयहरुको खुद भर्नादर | ३७-३८ |
| ८. समुदायमा हस्तान्तरण नभएका विद्यालयहरुको खुद भर्नादर | ३९ |
| ९.समुदायमा हस्तान्तरण भएका विद्यालयहरुको आर्थिक एवम् भौतिक विवरण | ४०-४२ |
| १०.समुदायमा हस्तान्तरण नभएका विद्यालयहरुको आर्थिक एवम् भौतिक विवरण | ४३-४४ |
| ११. विद्यालय निरिक्षक र स्रोतव्यक्तिबाट प्राप्त तथ्याङ्क | ४६-४७ |
| १२. विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्राप्त तथ्याङ्क | ४७-४८ |
| १३. विद्यालयका प्रधानाध्यापकहरुबाट प्राप्त तथ्याङ्क | ४८-५० |
| १४. शिक्षकहरुबाट प्राप्त तथ्याङ्क | ५१ |
| १५. अभिभावकहरुबाट प्राप्त तथ्याङ्क | ५२-५३ |

## स्तम्भ चित्र

१. समुदायद्वारा व्यवस्थापन हुनुपूर्व र व्यवस्थापन भएपछि औषत उत्तिर्ण दर र सिकाई उपलब्धीको स्तम्भचित्र । २७

२. समुदायमा हस्तान्तरण नभएका विद्यालयहरुको औषत उत्तिर्ण दर र सिकाई उपलब्धीको स्तम्भचित्र । २९

३. समुदायमा हस्तान्तरण भएका विद्यालयहरुको औषत कक्षा छोड्ने र दोहोर्‍याउने दरको स्तम्भचित्र । ३१

४. समुदायमा हस्तान्तरण नभएका विद्यालयहरुको औषत कक्षा छोड्ने र दोहोर्‍याउने दरको स्तम्भचित्र । ३२

५. समुदायमा हस्तान्तरण भएका विद्यालयहरुमा शिक्षक तथा विद्यार्थीहरुको औषत वार्षिक उपस्थितीको स्तम्भचित्र । ३५

६. समुदायमा हस्तान्तरण नभएका विद्यालयहरुमा शिक्षक तथा विद्यार्थीहरुको औषत वार्षिक उपस्थितीको स्तम्भचित्र । ३६

७. समुदायमा हस्तान्तरण भएका विद्यालयहरुको खुद भर्नादरको स्तम्भचित्र । ३८

# परिच्छेद : एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

बृहत्तर सामूहिक हित र सामूहिक भावनामा आवद्ध भई बसेको जनसमूहलाई नै समुदाय भनिन्छ । समुदाय भित्र विभिन्न जाती, भाषा, धर्म, संस्कृति, आर्थिक अवस्था भएका मानिसहरुको बसोबास हुने गरेको भएता पनि सामुदायको हित र विकासको लागी सबैको एउटै उद्देश्य रहेको हुन्छ । प्रत्येक समुदायको आ-आफ्नै किसिमका विशिष्ट अवस्था र आवश्यकताहरु हुन्छन्, ती आवश्यकताहरुको परिपूर्ती गर्ने दायित्व पनि समुदायकै हो । यिनै आवश्यकताहरु मध्येको एउटा महत्वपूर्ण पक्ष शिक्षा हो । शिक्षाको विकास विना कुनै पनि राष्ट्र र समुदायको विकासको कल्पना समेत गर्न सकिदैन ।

नेपालको शैक्षिक विकासको इतिहासलाई हेर्ने हो भने प्राचिनकाल, लिच्छविकाल र मध्यकालमा मन्दिर तथा गुम्बाहरुमा दिइने धार्मिक शिक्षा नै शिक्षाको आधार थियो । गुरुकुल तथा पितृकुलमा शिक्षा हासिल गरिन्थ्यो । गुरु तथा आफ्ना अभिभावहरुको आदेश पालना गर्नु, श्लोक कन्ठस्त गर्नु लाई नै शिक्षा हासिल गर्नु मानिन्थ्यो । त्यसबेला मन्दिर, गुम्बा तथा देवालयहरुमा दिइने शिक्षाको व्यवस्थापन व्यक्ति तथा समुदायबाट हुने गरेको थियो । त्यसपछि राजा पृथ्वीनारायण शाहको समयमा राज्यको सम्पुर्ण ध्यान राज्यको विस्तार र एकिकरणमा केन्द्रित रहेकाले शिक्षाको विकास हुन नसकेको इतिहास पाइन्छ । नेपालको एकीकरण पश्चातको आधुनिक कालमा पनि राज्यबाट शिक्षाको विकासमा उल्लेख्य काम हुन नसके पनि व्यक्ति तथा समुदायको अगुवाइमा नेपालको शैक्षिक विकासमा उल्लेख्य योगदान पुगेको पाईन्छ । सरकारी स्तरबाट वि.सं. १९१० सालमा जङ्ग ब. राणाले आफ्ना छोराछोरीको लागी खोलेको दरबार स्कुल नै पहिलो सरकारी विद्यालय भएता पनि यस भन्दा पछि वि.सं. १९२७ मा निलदेव पन्त र वाचस्पति पन्तले खोलेको संस्कृत पाठशाला, वि.सं. १९३२ मा बाल व्रम्हचारी षडानन्द अधिकारीले भोजपुरको दिङलामा खोलेको संस्कृत पाठशाला, वि.सं. १९३१ मा समुदायको सकृयतामा राजराजेश्वरी घाटमा खोलिएको संस्कृत पाठशाला समुदायकै अगुवाइमा स्थापना र सञ्चालन भएका विद्यालयका नमूना हुन । वि.सं. १९९५

सालमा राणा प्रधानमन्त्री जुद्ध शम्शेरको कार्यकालमा शिक्षाको बढ्दो मागलाई दृष्टिगत गरी एक शिक्षा सम्बन्धि महत्वपूर्ण इस्तिहार जारी भै निजी तथा सामुदायिक विद्यालयहरू सञ्चालन गर्न अनुमति प्रदान गर्ने नीति कायम भयो । तत्कालीन डाइरेक्टर जनरल अफ पब्लिक इन्स्ट्रक्सनको स्वीकृती प्राप्त गरी विद्यालय सञ्चालन गर्ने व्यवस्था अन्तर्गत वि.सं. १९९८ साल सम्ममा देशभरीमा सरकारी, सामुदायिक र निजी समेत गरी २०४ वटा विद्यालयहरुको स्थापना भएको देखिन्छ (शर्मा, २०५०) ।

वि.सं. १९९६-२००२ को नरसंहारकारी दोस्रो विश्वयुद्ध पछि उत्पन्न जनचेतनाको लहरबाट प्रभावित भै नेपालमा पनि राणा शासन विरुद्ध आन्दोलन भै वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना भयो । क्रान्तिको सफलता संगै नेपाली जनताहरु राष्ट्रको चौतर्फी विकासको निमित्त सुसुप्त अवस्थाबाट जुर्मराउदै उठे । बदलिदो सामाजिक तथा व्यक्तिगत आवश्यकताहरु र साँगुरिदै गएको प्रतिस्पर्धात्मक अन्तराष्ट्रिय परिस्थितिको सन्दर्भमा समेत राष्ट्रिय आवश्यकताहरु पहिचान गरी समस्याहरुसँग जुधी कार्य गर्न सक्ने सक्रिय र शिक्षित जनशक्ती उत्पादनको निमित्त राष्ट्रिय शिक्षा योजना तर्जुमा गर्न तत्कालीन सरकारले वि.सं. २०१० मा सरदार रुद्रराज पाण्डेको अध्यक्षतामा एक राष्ट्रिय शिक्षा योजना आयोग गठन गऱ्यो । यस आयोगले सम्पूर्ण पक्षको अध्ययन गरी वि.सं. २०११ सालमा आफ्नो प्रतिवेदन प्रस्तुत गऱ्यो । यसै गरी वि.सं. २०१७ सालको राजनैतिक परिवर्तन पछि अर्को आयोग बनाइयो । जसलाई सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ को नामले चिनिन्छ । यसले पनि सरकार समक्षँ आफ्नो प्रतिवेदन पेश गऱ्यो । यिनै समितिका सुझावहरुलाई समेटेर एउटा छुट्टै योजना तर्जुमा गर्ने काम भयो । यो राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ को नामले परिचित छ । यस योजनाले शिक्षा क्षेत्रमा युगान्तकारी परिवर्तनहरु ल्यायो । यस योजनाले शिक्षाका राष्ट्रिय र तहगत उद्देश्यहरु निर्धारण, व्यवस्थित र एकिकृत पाठ्यक्रमको निमार्ण, पाठ्यपुस्तकको निर्माण, शिक्षाको संरचनामा हेरफेर, निरीक्षण प्रणालीमा सुधार, शिक्षक तालिम र सेवा सुरक्षा जस्ता कुराहरुको व्यवस्था गरियो । यथार्थमा योजनाको कार्यान्वयन पक्षमा शिक्षा सञ्चालनको सम्पूर्ण प्रशासनिक, शैक्षिक र आर्थिक उत्तरदायित्व नेपाल सरकारले नै स्वीकार गऱ्यो (लोहनी, २०४५) ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले समुदायबाट स्थापना भई सञ्चानल भएका सम्पूर्ण विद्यालयहरुलाई राष्ट्रियकरण गरी विद्यालयको सञ्चालन, नियन्त्रण, आर्थिक उतरदायित्व बहन सम्पूर्ण सरकारले गर्ने व्यवस्था गरेको देखिन्छ । यसबाट सरकारी विद्यालयमा सुधार आउनुको सट्टा दिनप्रतिदिन सरकारी विद्यालयको गुणस्तर खस्कदै गयो भने संस्थागत विद्यालयको गुणस्तर बढदै गयो । संस्थागत विद्यालयहरुले स्वायत्तता प्राप्त गर्नुका साथै व्यवस्थापनमा सुधार गर्दै लगे भने सरकारी विद्यालयहरुमा समस्याले जटिल रुप लिदै गयो । सरकारले शैक्षिक व्यवस्थापनमा नयाँ विकल्प खोज्नु जरुरी भइसकेको थियो । विकसीत मुलुकहरुमा भएको शैक्षिक प्रगतिको अनुशरण गरिनु नेपाल जस्तो एउटा गरीब पिछडिएको मुलुकको लागि स्वभाविक नै मान्नु पर्छ । नेपालमा विद्यालयको व्यवस्थापन समुदायद्वारा हुने कार्यक्रम लागू हुनु पूर्व भारत, अमेरीका, जापान, बुरुन्डी लगायतका देशहरुमा यस कार्यक्रमले ज्यादै लोकप्रियता हासिल गरेको थियो । त्यसै अनुरुप नेपालमा पनि यो अवधारणको शुरुवात गरिएको हो (न्यौपाने, २०६१) ।

वि.सं. २०५५ सालमा नेपाल सरकारद्वारा गठित उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगले आफ्नो प्रतिवेदनमा विद्यालयलाई तीन प्रकारमा विभाजन गनुपर्ने सिफारिस गरेको थियो । यस अन्तर्गत सार्वजनिक विद्यालय, निजी विद्यालय र सामुदयिक विद्यालय हुनुपर्ने भनी सुझाव छ । सामुदयिक विद्यालयको परिभाषा उक्त आयोगको प्रतिवेदनमा यसरी दिइएको छ - "कुनै संघ संस्था, समुदाय, विद्यालयमा कार्यरत शिक्षकहरु तथा विद्यालय स्थापनाका लागि उत्प्रेरित व्यक्तिहरु आदिको संयुक्त नेतृत्वमा सञ्चालन भएका विद्यालयहरुलाई सामुदायिक विद्यालय मान्नु पर्दछ ।" पछिल्लो पटक गठित शिक्षँ सम्बन्धित उच्च स्तरीय कार्य समिति २०५८ ले विद्यालय शिक्षाको प्रस्तावित कार्यनीति र कार्ययोजनाको अवधारण पत्र सरकार समक्ष पस्तुत गऱ्यो । यसले विद्यालय शिक्षालाई दुई प्रकारको सामुदायिक र संस्थागत विद्यालय हुने कुरा उल्लेख गऱ्यो । सामुदायिक विद्यालय पनि सरकारी अनुदान लिने र नलिने गरी दुई प्रकारका हुने कुरा समितिले सिफारिस गऱ्यो । हालका सार्वजनिक विद्यलयहरु सरकारी अनुदान पाउने सामुदायिक विद्यालयहरुलाई क्रमश : सरकारी अनुदान नपाउने सामुदायिक विद्यालयको रुपमा परिणत गर्न प्रोत्साहित गरिने छ (अवधारण पत्र, २०५८) ।

सामुदायिक विद्यालय सहयोग कार्यक्रमले निर्धारण गरेको कार्यक्रमको ढाँचा विद्यालय सहयोग कार्यक्रम निर्देशिका २०५९ ले सामुदायिक विद्यालयहरुले समुदायमा हस्तान्तरण भए वापत विद्यालयको विकासको लागि एकमुस्ट अनुदान, सशर्त अनुदान र प्रोत्साहन अनुदान प्राप्त गर्न सक्ने सुनिश्चितता निर्धारण गरेको छ । विद्यालयको व्यवस्थान समुदायमा हस्तान्तरण भएका विद्यालयहरुलाई प्रत्येक तह अनुसार एकमुस्ट रु एकलाख रुपैंया विद्यालयको भौतिक तथा शैक्षिक वातावरणको निर्माण तथा सुधारको लागि जिल्ला शिक्षा कार्यलयबाट प्रदान गरिने व्यवस्था छ । यस रकमलाई निःशर्त विद्यालयको सुधार तथा निर्माण गर्नको लागि खर्च गर्न सकिने व्यवस्था छ (निर्देशिका,२०५९) ।

विद्यालयको व्यवस्थापन समुदायलाई दिनुको अन्य कुनै कारण नभएर समुदायको सहभागिता वृद्धि गर्नको लागि हो । यस्ता विद्यालयले अरु विद्यालय सरह नै नियमित अनुदान पाउने र यस्तो अनुदान विद्यार्थी संख्याको आधारमा बढ्दै जाने सुनिश्चितताको पनि व्यवस्था छ । यस अनुदानका अलावा कार्यसम्पादनको आधारमा उत्कृष्ट कार्य गर्ने विद्यालयलाई विशेष प्रोत्साहन अनुदान प्रदान गर्ने व्यवस्था पनि गरिएको छ । यस्तो सामुदायिक विद्यालयमा थप आर्थिक व्यवस्थापन, भौतिक निर्माण, शैक्षिक व्यवस्थापन, शिक्षक तथा कर्मचारीको नियुक्ति जस्ता महत्वपूर्ण कार्य गर्न विद्यालय व्यवस्थापन समितिलाई नै अधिकार प्रदान गरिएको हुन्छ । विद्यालयको व्यवस्थापन समुदायलाई जिम्मा दिदा समुदायको नेतृत्व, रेखदेख, नियन्त्रण र मार्गदर्शन विद्यालयले अझ बढी प्राप्त गर्न सक्छ । समुदायलाई विद्यालयप्रति अपनत्वको भावना पैदा हुने गर्दछ । फलत : यसबाट राम्रा प्रभावहरु आउन सक्ने विश्वास गर्न सकिन्छ । हुनत : कुनै पनि कुरा गुण र दोषबाट मुक्त हुन सक्दैन । समुदायलाई विद्यालयको व्यवस्थापन जिम्मा दिदैमा सवै समस्याको समाधान निस्किहाल्छ भन्ने अपेक्षा गर्न सकिदैन र गर्न पनि हुदैन । असल कुरा त त्यही नै मान्नु पर्ने हुन्छ, जसमा दोषको भन्दा गुणको मात्रा बढी छ (निर्देशिका,२०५९) ।

नेपालको शैक्षिक इतिहास गुरुकुल पितृकुल शिक्षा पद्धतिबाट गुज्रदै तथा राज्य स्तरबाटै तल्लो श्रेणीमा राखिएको अवस्थाबाट पार हुदै अहिलेको अवस्थामा आईपुगेको छ । देशका अन्य राष्ट्रसेवकहरुले राज्यको तहबाट यथेस्ट सुविधाहरु पाउँदा पाउँदै पनि शिक्षकहरुले आफ्नो पारिश्रमिकका लागी समेत विद्यार्थी शुल्कमा निर्भर रहनुपर्ने अवस्था थियो।

यसले गर्दा शिक्षकले आफ्नो पेशागत हकहित कै लागि संघर्ष गर्नुपर्ने भयो । यस्तो आवस्थामा कसरी समुचित शैक्षिक प्रगति हुने कुरामा विश्वास गर्न सकिन्छ ? जे जस्तो भएता पनि जुन सोच र उद्देश्यका साथ विद्यालयलाई समुदायमा हस्तान्तरण गर्ने नीति अगाडि सारिएको छ । त्यसको सही अर्थमा प्रतिफल आउने विश्वासका साथ सम्बन्धित सबै पक्ष जुट्नु आवश्यक हुन्छ (शर्मा, २०६१) ।

### १.१.२ समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरण र यसको प्रभाव विषयको परिचय

शिक्षामा समयानुकुल परिवर्तन गर्ने उद्देश्यले नेपालमा समय समयमा विभिन्न समिति र आयोगको गठन भई कार्य भएको पाइन्छ । नेपालको शैक्षिक प्रणालीलाई हेर्ने हो भने शिक्षाको शुरुवात समुदायकै लगानी र अगुवाईमा भएको पाईन्छ । वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतीको योजना लागू हुनुभन्दा अगाडी नेपालमा सामुदायिक, सरकारी र नीजि गरी तिन किसिमका विद्यालयहरु थिए । तर यस योजनाले सवै सामुदायिक विद्यालयहरुलाई सरकारको नियन्त्रणमा ल्याई विद्यालयलाई सरकारी र नीजि गरी दुई प्रकारका मात्र हुने व्यवस्था गऱ्यो । यस पछि वि.सं. २०५५ सालमा नेपाल सरकारद्वारा गठित उच्चस्तरिय राष्ट्रिय शिक्षा आयोगले आफ्नो प्रतिवेदनमा विद्यालयलाई तिन प्रकारमा विभाजन गर्नुपर्ने सिफारिस गऱ्यो । यस अन्तर्गत सार्वजनिक विद्यालय, नीजि विद्यालय र सामुदायिक विद्यालय हुनुपर्ने सुझाव छ। पछिल्लो पटक गठित शिक्षा सम्वन्धि उच्चस्तरिय कार्यसमिति २०५८ ले विद्यालय शिक्षाको प्रस्तावित कार्यनीति र कार्ययोजनाको अवधारणा पत्र प्रस्तुत गऱ्यो । यसले विद्यालय शिक्षालाई दुई प्रकारको सामुदायिक र संस्थागत विद्यालय हुनेकुरा उल्लेख गऱ्यो । यसकै आधारमा अहिले सरकारी विद्यालयहरुले आफ्नो व्यवस्थापन समुदायमा हस्तान्तरण गर्नेकार्य कार्यान्वयन प्रकृयामा छ ।

शिक्षा सम्बन्धि विभिन्न आयोग र समितिहरुका प्रतिवेदनहरु जसरी आए र जुनरुपमा कार्यान्वयन गरियो, आखिरमा सन्तोष मान्नुपर्ने ठाउँ रहेको देखिएन (शर्मा, २०६१) । पछिल्लो पटक वि.सं. २०५५ को उच्चस्तरिय शिक्षा आयोगको प्रतिवेदन र वि.सं. २०५८ को शिक्षा सम्वन्धि उच्चस्तरिय कार्यसमितिको कार्यनीति र कार्ययोजना अनुसार विद्यालय समुदायलाई हस्तान्तरण गर्ने विषय कार्यान्वयन प्रकृयामा छ । यसको वास्तविक रुपमा शिक्षा क्षेत्रमा कस्तो प्रभाव परेको छ भन्ने कुराको समीक्षा गरिनु आवश्यक छ । यो अध्ययनले यही कुराको

खोजी गर्ने उद्देश्य राखेको छ । यस कार्यको कार्यान्वयन शुरुभएदेखि हालसम्ममा समुदायमा धेरै विद्यालयहरु हस्तान्तरण भईसकेका छन् । यस्ता हस्तान्तरण भएका विद्यालयहरुको शैक्षिक, आर्थिक र भौतिक उपलव्धी कस्तो रहेको छ ? यसबाट देखिएका राम्रा र नराम्रा प्रभावहरु के के छन् ? यसबाट समुदायमा कस्तो प्रभाव परेको छ ? यसबाट विद्यालयको व्यवस्थापनमा कस्तो प्रभाव परेको छ ? आदि पक्षसँग सम्बन्धित भएर यो अध्ययन गरिएको छ । यस्ता विविध पक्षसँग सम्बन्धित भएर गरिने अध्ययन र अनुसन्धानबाट प्राप्त निश्कर्षहरु कमिकमजोरीहरु सुधार गर्नको लागि उपयोगी हुनेछन् ।

## १.२ समस्याको कथन

कुनै पनि राष्ट्रको सर्वाङगिण विकासको लागि सबैभन्दा महत्वपुर्ण पूर्वाधार शिक्षँ हो । शिक्षाको विकास विना राष्ट्र र समाज विकासको कल्पना समेत गर्न सकिदैन । यहि कुरालाई मध्यनजर राखी नेपालमा वि.सं. २००७ सालको जनक्रान्तिको सफलता र प्रजातन्त्रको प्रादुर्भाव सँगै शिक्षा क्षेत्रको विकास गर्नको लागी नेपालसरकारबाट राय, सुझाव र सल्लाह दिनको लागि समय समयमा विभिन्न समिति र आयोगहरुको गठन भइ ती आयोगहरुबाट प्राप्त सुझावहरु कार्यान्वयनमा आएको पाईन्छ । तर त्यसबाट सन्तोषजनक रुपमा उपलब्धि हासिल भएको पाइदैन । यसै क्रममा वि.सं. २०५५ सालमा गठित उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगले विद्यँलयमा समुदायको सहभागीता बढाउने हेतुले विद्यालयको व्यवस्थापकिय पक्षको सम्पुर्ण जिम्मेवारी समुदयलाई हस्तान्तरण गर्दै जाने सिफारिस सरकार समक्ष प्रस्तुत गऱ्यो । यसैको आधारमा सरकारले शिक्षा ऐन तथा नियममा व्यवस्था गरी आ.ब. २०६०/२०६१ देखी विद्यालयको व्यवस्थापन समुदायलाई हस्तान्तरण गर्ने कार्य शुरु भयो । वर्तमान समय सम्ममा देशका धेरै सार्वजनिक विद्यालयहरुको व्यवस्थापन समुदायले लिइसकेको अवस्था छ । सामुदयिक विद्यालयको व्यवस्थापन समुदायलाई हस्तान्तरण गरेपछी देखीएको अवस्थाहरुलाई यस अध्ययनले आफ्नो मूख्य समस्याको रुपमा लिइएको छ ।

क) विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिदां शैक्षिक उपलब्धिमा कस्तो प्रभाव परेको छ ?

ख) समुदायले विद्यालयको व्यवस्थापन गर्दा विद्यालयमा आर्थिक र भौतिक रुपले कस्तो प्रभाव परेको छ ?

ग) विद्यालयको व्यवस्थापन समुदायले लिदा विद्यँलयको व्यवस्थापकिय पक्षँमा के कस्तो प्रभाव परेको छ ?

घ) विद्यालय व्यवस्थापनको जिम्मा समुदायले लिदा समुदाय र विद्यालय बीचको सम्बन्धमा कस्तो प्रभाव परेको छ ?

यिनै अनुसन्धान प्रश्नहरुको उत्तर प्राप्त गर्नुलाई "समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरण र यसको प्रभाव" विषयक  अध्ययनले मूख्य समस्याको रुपमा लिइ अध्ययन गरिएको छ ।

## १.३ अध्ययनको औचित्य

कुनै पनि अध्ययन अनुसन्धानको आ-आफ्नै महत्व तथा औचित्य हुन्छ । त्यसैगरी यस अध्ययनको पनि आफ्नै किसिमको महत्व रहेको छ । यो अध्ययनले विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिदा शैक्षिक उपलब्धीमा देखिएको अन्तरको पहिचान गरिएको छ । आर्थिक एवं भौतिक अवस्थाको अध्ययन गरिएको छ । समुदाय र विद्यालय बीचको सम्वन्ध विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण भएपछी त्यसबाट विद्यालयको व्यवस्थापकिय पक्षँमा परेको प्रभाव अध्ययन गरी राम्रा र कमजोरी पक्षहरु औल्याइएको छ । जसबाट समुदायमा  विद्यालयको व्यवस्थापन जिम्मा लिनुको औचित्य प्रष्टिने छ । त्यसैगरी समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरण भएपछी विद्यालयको आर्थिक र भौतिक अवस्थामा कस्तो भिन्नता देखीयो, यसको फाइदा र बेफाइदा कति भनेर चासो राख्ने व्यक्ति, समुदाय, जि.शि.का., नेपाल सरकार, शिक्षा क्षेत्रमा सहयोग पुऱ्याउने दातृ निकाय, शिक्षा क्षेत्रमा सरोकार राख्ने सरकारी र गैह्र सरकारी संस्थाहरु आदिलाई पनि यस अध्ययनले सहयोग पुऱ्याउने आशा गरिएको छ ।

## १.४ अध्ययनको उद्देश्य

क) विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिंदा विद्यालयको शैक्षिक उपलब्धीमा देखीएको अन्तरको तुलना गर्नु ।

ख) विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिदां विद्यालयको आर्थिक एवं भौतिक क्षेत्रमा परेको प्रभाव अध्ययन गर्नु ।

ग) विद्यालयको व्यवस्थापकिय पक्ष र समुदाय सँगको सम्वन्धमा परेको प्रभावको अध्ययन गर्नु ।

## १.५ अध्ययनको परिसीमा

यस अध्ययनलाई मोरङ जिल्ला, यस जिल्लामा पर्ने लेटाङ, केरावारी र बयरवन स्रोतकेन्द्र, यि स्रोतकेन्द्रमा रहेका सामुदायिक विद्यालयहरु, समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरण र यसको प्रभाव हेर्नमा सिमित गरी अध्ययन गरिएको छ ।

## १.६ शब्दावलीको अर्थ र परिभाषा

क) निर्देशिका :- सामुदायिक विद्यालयहरुलाई नेपाल सरकारबाट गर्ने विभिन्न सहयोगका कार्यक्रमहरुलाई समाबेस गरी तयार गरिएको पुस्तिका ।

ख) सामुदायिक विद्यालय :- अध्ययन क्षेत्र मोरङ जिल्लाका नेपाल सरकारबाट प्राप्त अनुदान र सहयोग बाट सञ्चालित सार्वजनिक विद्यालय ।

ग) खुद भर्नादर :- अध्ययन क्षेत्रका सेवा क्षेत्र भित्रका विद्यालय उमेरका बालवालिकाहरुको जम्मा जनसंख्या संग कुनै एउटा विद्यालयमा भर्ना भएका विद्यार्थी संख्याको तुलना गरी निकालिएको प्रतिशत ।

घ) औषत सिकाई उपलब्धिदर :- अध्ययन क्षेत्रका विद्यालयमा कुनै कक्षाका प्रत्येक विषयमा विद्यार्थीले प्राप्त गरेको औषत प्राप्तांक ।

ङ) कक्षा छाड्ने दर :- अध्ययन क्षेत्रका विद्यालयमा शैक्षिक शत्र पूरा नगरी कक्षा छाड्ने विद्यार्थीको प्रतिशत ।

च) कक्षा दोहोऱ्याउने दर :- अध्ययन क्षेत्रका विद्यालयमा कक्षा उत्तिर्ण नगरी दाहोऱ्याउने विद्यार्थी प्रतिशत ।

छ) वार्षिक उपस्थितिदर :- अध्ययन क्षेत्रका विद्यालयमा विद्यालय खुलेको दिनको आधारमा भएको उपस्थिति प्रतिशत ।

ज) व्यवस्थापन :- विद्यालयको लागि आवश्य पर्ने आर्थिक, भौतिक र अन्य क्षेत्रसँग सम्बन्धित कामको जिम्मेवारी समुदायले बहन गर्ने कार्य ।

झ) प्रभावः- विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण भएपछि त्यसबाट देखापरेको राम्रो र नराम्रो असर ।

## परिच्छेद : दुई

## शैदान्तिक ढाँचा तथा सम्बन्धित साहित्यको पुनरावलोकन

### २.१ सैद्धान्तिक ढाँचा

फ्रेडरिक टेलर (१९११), ले "वैज्ञानिक व्यवस्थापनको सिद्धान्त" भन्ने पुस्तक मार्फत वैज्ञानिक व्यवस्थापनको सिद्धान्त प्रतिपादन गरेको पाइन्छ । उनलाई वैज्ञानिक व्यवस्थापन सिद्धान्तका पिता पनि भनिन्छ । विसौं शताब्दीका शुरुका वर्षहरुमा उत्पादकत्व बढाउने कार्य दक्ष कामदारहरुको भएकाले कार्यदक्षता बढाएर उत्पादकत्व बढाउने चुनौति थियो । त्यसबेला कामदारको कार्यदक्षता बढाउने उद्देश्यले नै वैज्ञानिक व्यवस्थापनको शूरुवात भयो । "वैज्ञानिक व्यवस्थापन भनेको मानिसलाई कुन काम गराउन खोजिएको छ र कुन काम गर्न दिएमा उनिहरुले राम्रो र किफायती ढङ्गले सम्पन्न गर्न सक्छन् भन्ने कुरा सही ढङ्गले जान्ने कला हो" (कोइराला, श्रेष्ठ, २०६३) ।

टेलरको प्रमुख मान्यता उत्पादकत्व क्षमता बढाउनु भनेको न्युनतम लागतमा अधिकतम नाफा आर्जन गर्नुमात्र होइन कामदारलाई उत्पादकत्व क्षमताका आधारमा पारिश्रमिक समेत बृद्धि गर्नु हो । कामदारको मनोबल उच्च राख्न उनिहरुलाई लाभांशको भागिदार समेत बनाउनु पर्दछ । उत्पदनमा कमि आउने कारणमा व्यवस्थापनमा हुने लापर्वाही र कामदारलाई वेवास्था गर्नु पनि हो । कठोर कानुनी प्रावधान भन्दा बैज्ञानिक व्यवस्थापनले मानविय शक्ति र प्रयासको अधिक मात्रामा प्रयोग गरी उत्पादकत्व वृद्धि गर्न सकिन्छ । कामदारलाई पुरस्कारको व्यवस्था, तालिमको व्यवस्था, कामदार र मालिकका बीचको मैत्रीपुर्ण सम्बन्ध जस्ता कार्यहरुको विकास टेलरका महत्वपुर्ण योगदानहरु भित्र पर्दछन् (कोइराला, श्रेष्ठ, २०६३) ।

जर्ज इल्टन मायो (१९८०), ले व्यवस्थापनको क्षेत्रमा लामो समयको अनुभव पश्चात मानव सम्बन्ध सिद्धान्तको प्रतिपादन गरी व्यवस्थापनको क्षेत्रमा ठूलो गुन लगाए । व्यवस्थापनको क्षेत्रमा काम गर्ने कामदार एवं मजदुरहरुको शैक्षिक योग्यता, तालिम, सेवा सुविधा तथा पदोन्नती जस्ता कुराहरुले संस्थालाई अवश्य प्रभाव पार्छ । उनका विचारमा कुनै पनि संस्थाले संस्थागत सुधार गर्न कर्मचारीहरुको कमीकमजोरी पत्ता लगाई समन्वय र प्रेरणा

प्रदान गर्नु पर्दछ । योग्यता अनुसार नेतृत्व विकास गराउनु पर्छ र उनीहरुको दक्षता बढाउन सिपमुलक तालिम दिइनु पर्छ । वास्तविक र दोहोरो सञ्चार प्रणाली अपनाउनु पर्छ । कार्यदक्षता वढाउन शैक्षिक दक्षताका साथै सामाजिक दक्षता बढाउनु पर्छ । मानिसलाई दया, माया, स्नेह, सम्मान र सत्कार आवस्यक हुन्छ । उत्पादकत्व भन्ने कुरा प्राविधिक पक्ष मात्र नभई सामाजिक पक्ष पनि हो भन्ने ठहर उनको रहेको छ (कोइराला, श्रेष्ठ, २०६३) ।

मेरी पार्कर फोलेट (१८६८), का विचारमा उत्पादन वढाउन व्यक्तिको भावना बुझ्रेर कामदार र प्रशासक विचको मानविय सम्वन्ध विकास गर्नु पर्छ । मानविय नाताको स्थापना गरी मनोवैज्ञानिक तरिकाबाट विभिन्न मनमुटाव र द्वेषको भावना समाप्त गर्नु पर्छ । उनले Creative experience नामक पुस्तकमा मानविय सम्वन्धको विविध पक्षलाई सरलता पूर्वक उल्लेख गरेकी छिन् । जति धेरै राम्रो सम्वन्ध समन्वय स्थापना गर्न सकियो, त्यतिनै राम्रो समन्वय भई काममा स्तरियता एवं प्रभावकारीता हासिल हुन्छ । उनले प्रजातान्त्रिक र सहभागितामूलक सिद्धान्तलाई जोडदिएकी छिन । सामुदायिक भावनाले नै अत्याधिक सफलता हाँसिल हुने उनको ठहर छ (कोइराला, श्रेष्ठ, २०६३) ।

## २.२ सम्बन्धित साहित्यको पूनरावलोकन

निरौला (२०६३), सरकारी विद्यालयमा समुदायद्वारा हुने व्यवस्थापनको प्रभावमा सोधकर्ताले सरकारी विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने नीति निर्माण भएपछी वि.सं. २०६० साल भन्दा पछाडि समुदायमा हस्तान्तरण भएका तेह्रथुम जिल्लाका सामुदायिक विद्यालयहरुमा त्यसको प्रभाव कस्तो पऱ्यो भनि गुणात्मक तथा परिमाणात्मक विधि दुवै प्रयोग गरी अध्ययन सम्पन्न गरिएको थियो । अनुसन्धानको निष्कर्षलाई सम्बन्धित साहित्यको रुपमा प्रस्तुत गरिएको छ । अनुसन्धानकर्ताले आफ्नो अनुसन्धानको लागि नमूनाको रुपमा पूर्वि नेपालको तेह्रथुम जिल्लामा पर्ने समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरण भएका १० वटा विद्यालयहरुलाई छनौट गरी तिनै विद्यालयहरुबाट तथ्याङ्क संकलन गर्दै अध्ययनलाई अगाडि बढाइएको थियो । सामुदायिक विद्यलायको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने कार्यक्रमको प्रभावकारीताबाट विद्यालयहरुमा विद्यार्थीहरुको खुद भर्नादर र सहजै देखीने भर्नादर बढेको, विद्यर्थीहरुको कक्षा छोड्ने र दोहोऱ्याउने दरमा कमि आएको,

प्राथमिक तह पुरा गर्ने दर र सिकाई उपलब्धी दरमा वृद्धि भएको, शिक्षकहरु र विद्यार्थीहरुको उपस्थिती दर बढेको, विद्यालयले विभिन्न शीर्षकमा नगद अनुदान प्राप्त गरी आर्थिक र भौतिक रुपले पहिलाको भन्दा सबल भएको, विद्यालयप्रति समुदायको संलग्नता बढेको, विद्यालय व्यवस्थापन समितिले स्वायत्तता प्राप्त गरेको जस्ता राम्रा प्रभाावहरु परेको निष्कर्षमा उल्लेख गरिएको छ । त्यसै गरी आर्थिक प्रलोभनको कारणले विद्यालयको व्यवस्थापन जिम्मा लिनु, समस्याको समाधान गर्न सक्ने क्षमता विकास नहुनु, अनुदान रकमको सदुपयोग हुन नसक्नु, शिक्षकहरुमा पेशागत ग्यारेन्टिलाई लिएर चिन्ता उत्पन्न हुनु, टाठाबाठा अभिभावकले प्रभुत्व जमाउनु, विद्यालयको प्रशासनिक काममा दबाव पर्नु जस्ता नराम्रा प्रभावहरु परेको निष्कर्षमा उल्लेख गरिएको छ ।

गौतम (२०६६), समुदायमा हस्तान्तरित सामुदयिक विद्यालय व्यवस्थापनको प्रभावकारीतामा सोधकर्ताले सरकारी सार्वजनिक विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण भएपछि वि.सं. २२०६० साल भन्दा पछाडि समुदायमा हस्तान्तरण भएका सङखुवासभा जिल्लाका बाह्रवीसे र धुपु स्रोतकेन्द्रका सामुदायिक विद्यालयहरुमा त्यसको प्रभाव कस्तो पऱ्यो भनि गुणात्मक तथा परिमाणात्मक विधि दुवै प्रयोग गरी अध्ययन सम्पन्न गरिएको थियो । अनुसन्धानकर्ताले आफ्नो अनुसन्धननको लागि नमूनाको रुपमा सङखुवासभा जिल्ला र त्यस जिल्लाका बाह्रविसे र धुपु गरी दुइवटा स्रोतकेन्द्रमा पर्ने समुदायमा हस्तन्तरण भएका २ वटा विद्यालयलाई छनौट गरी तिनै विद्यालयबाट तथ्याङ्क संकलन गर्दै अध्ययनलाई अगाडी बढाईएको थियो । सामुदायिक विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने कार्यक्रमको प्रभावकारीता बाट विद्यालयमा विद्यार्थीको भर्ना बढेको, विद्यालयमा शिक्षक तथा विद्यार्थीहरुको नियमितता बढेको, विद्यार्थीहरुको औषत प्राप्तांक बढेको, आर्थिक तथा भौतिक रुपले विद्यालय पहिलाको भन्दा सुदृढ भएको, विद्यालयका हरेक क्रियाकलापहरु पारदर्शि हुदै गएको जस्ता राम्रा प्रभावहरु परेको निष्कर्षमा उल्लेख गरिएको छ । त्यसै गरी शिक्षकको पेशागत सुरक्षाको प्रत्याभुति दिन नसकिएकोले कार्यक्रमको विस्तारमा अपठ्यारो परेको, अभिभावकहरुमा चेतना अभिवृद्धि हुन नसकेको, जिल्लाबाट गरिने निरिक्षण प्रणालीमा सुस्तता आएको, आर्थिक प्रलोभन बढेको जस्ता नराम्रा प्रभावहरु परेको निष्कर्षमा उल्लेख गरीएको छ।

सुवेदी (२०६०), सामुदायिक विद्यालयको व्यवस्थापन हस्तान्तरणको पृष्ठभुमि, हालको प्रक्रिया, समस्याहरु र समाधानको उपायहरुको बारेमा उल्लेख गरिएको छ । २२०६० साल पौष १८ गते सम्ममा नेपाल अधिराज्यका ३७ जिल्लामा ५५३ वटा विद्यालयका प्राथमिक तह हस्तान्तरण भइसकेको छ । विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्दा स्थानिय वातावरण, आवश्यकता र समस्या अनुसार कस्तो ज्ञान, सिप बालबालिकाहरुलाई दिने भन्ने निर्णय समेत गर्न समुदायलाई जिम्मेवारी दिनुपर्ने निष्कर्ष दिइएको छ । यस बाट स्वस्थ्य प्रतिस्पर्धा हुन गई गुणस्तरीय शिक्षाको पँहुच पुग्ने छ । जस मार्फत शैक्षिक क्षति कम हुनगई सामुदायिक विद्यालय प्रति अपनत्व बढ्ने एवँ सञ्चालनमा सहजता आउने कुरा बताईएको छ। विद्यालय समुदायकै लागि खोलिने भएकाले समुदायलाई सशक्त र जवाफदेही बनाउन यो कार्यक्रम सान्दर्भिक हुँदाहुँदै पनि पर्याप्त मात्रामा गृहकार्य नगरी एक्कासी कार्यान्वयनमा ल्याइनु, सरोकारवालाहरु विशेष गरी शिक्षक संघ संगठन, शिक्षाविद तथा आम अभिभावकहरु र नागरीकसमाजका विच छलफल नगरी दातृनिकायको अनुरोधमा कार्यक्रम ल्याइनु जस्ता कुराहरुले जनसर्मथनमा कमि आएको आभास भएको निष्कर्षमा उल्लेख गरिएको छ ।

माथि उल्लेखित सम्बन्धित साहित्यको पूनरावलोकनबाट समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरणबाट विद्यालयमा त्यसको सकारात्मक तथा नकारात्मक दुवै किसिमका प्रभाव परेको कुरा पुष्टि हुन्छ । कुनै पनि कार्यक्रम सञ्चालन गर्दा त्यसको सकारात्मक र नकारात्मक दुवै किसिमको प्रभाव पर्छ । तर कार्यक्रमलाई सफल बनाउन नकारात्मक कुरालाई हटाउदै सकारात्मक कुराहरुलाई अंगाल्दै अगाडि बढ्न आवश्यक हुन्छ । दातृनिकाय र राष्ट्रको अनुरोधमा जनमत नबुझी सरकारले एकलौटी रुपमा निर्णय गरी राज्य शिक्षाको दायित्वबाट पन्छेर शिक्षाको दायित्व जनतामा थोपर्न खोजेको हो भने पनि यो कार्यक्रम असफल हुन सक्छ । त्यसैले कार्यक्रमलाई सफल बनाउन वा कार्यक्रमको प्रभाव राम्रो पार्न शिक्षासँग सरोकार राख्ने सवै पक्षको सहभागिता अपरिहार्य हुन जान्छ । कार्यक्रमबाट प्राप्त हुने क्षणिक लाभ र फाइदाको आधारमा कार्यक्रम राम्रो भएको मुल्याङ्कन गर्नुभन्दा यसको दिर्घकालिन असर कस्तो हुन्छ भनेर विश्लेषण गरी त्यसकै आधारमा कार्यक्रम अगाडी बढाउदा राम्रो हुन्छ । माथी उल्लेखित सम्बन्धित साहित्यको अध्ययनबाट समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरण पछि गर्नुपर्ने कार्यहरु बारे उपयोगी सुझाव र सल्लाह प्राप्त भएका छन् । तिनको सही अध्ययन, विश्लेषण र कार्यान्वयन गर्न सके समुदायमा

विद्यालयको व्यवस्थापन हस्तान्तरण गर्ने कायक्रमले सार्थकता पाउने कुरामा कसैको दुईमत हुन सक्तैन । त्यसैले ती सुझाव र सल्लाहको अनिवार्य कार्यान्वयन कार्यक्रमको सफलताको लागि अपरिहार्य आवश्यकता हो ।

## २.३ शैक्षिक उपादेयता :

यस अध्ययनलाई पूर्णता दिन सम्बन्धित साहित्यको समीक्षा, विभिन्न वैज्ञानिकहरुको सिद्धान्त तथा प्रवर्तनहरुलाई आधार मानि अगाडी वढाइएको छ । विशेष गरी व्यवस्थापनको क्षेत्रमा प्रयोग गरिएको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त, मानव सम्वन्ध सिद्धान्त लगायतका सिद्धान्तहरुले फरक फरक धारणाहरु प्रस्तुत गरेता पनि तिनले आखिरमा संगठनको आन्तरिक दक्षतामा अभिवृद्धि गरेर संगठन वा संस्थालाई मजवुत वनाउनुको साथै संस्थाको इज्वतलाई वढाउन सहयोग पुऱ्याउने कुरामा जोड दिइएको छ । परम्परागत रुपमा मालिक र दासको रुपमा काम गर्ने वा यान्त्रिक प्रविधिबाट काम गराउनुको सट्टा कामदारलाई प्रोत्साहन गरी उनिहरुको सिप विकास गर्ने, उत्प्रेरणा दिने, जिम्मेवारी वोध गराउने, माया, ममता र स्नेह दिने, सिधा सम्पर्क गर्ने, कामदारको समस्या बुझिदिने जस्ता कार्य गरेर कामदार सन्तुष्ट भई कार्यप्रति लगनसिल वन्न थाल्छ । यि सिद्धान्तहरु केवल औद्योगिक क्षेत्रमा मात्र नभई शैक्षिक क्षेत्रमा समेत लागू हुदै आएको पाइन्छ ।

उदाहरणको लागि वैज्ञानिक व्यवस्थापनको सिद्धान्त विद्यालयको भौतिक व्यवस्थापन, शिक्षण प्रभावकारीता, शैक्षिक गुणस्तर वृद्धि लगायत विविध पक्षमा सुधार ल्याउनको लागि उपयोगी हुन सक्छ । विद्यालयको व्यवस्थापनको लागि कसले के काम गर्ने, कुनै पनि कामलाई राम्रोसंग सम्पन्न गर्न कसरी कामको बाडफाड तथा अधिकार प्रत्यायोजन गर्ने, कसलाई कामको जिम्मा दिने भन्ने कुराले पनि प्रभाव पार्दछ । टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त बमोजिम विद्यालयमा उपलब्ध स्रोत र मानव संशाधनलाई अधिकतम उपयोग हुने गरी प्रयोग गर्न सकिन्छ । विद्यालयका प्रधानध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावकहरु, समुदायलाई आ-आफ्नो जिम्मेवारी बहन गर्न र विद्यालयको हरेक क्रियाकलापमा सम्पूर्ण पक्षलाई उत्तरदायि बनाउँदै लैजान यस सिद्धान्तलाई महत्वपूर्ण रुपमा लिन सकिन्छ । यस प्रकार बैज्ञानिक व्यवस्थापन सिद्धान्तले विद्यालयको

शैक्षिक क्रियाकापलाई सुनिश्चित गर्न, संगठित गर्न र प्रभावकारी बनाउन, विद्यालयको व्यवस्थापनमा समुदायको सक्रियता बढाउन प्रत्यक्ष रुपमा सहयोग पुऱ्याएको छ ।

विद्यालयको व्यवस्थापकिय पक्ष एवं समग्र पक्षलाई समेटेर विविध क्षेत्रमा गरिएका महत्वपूर्ण अध्ययनहरुबाट प्राप्त भएका निस्कर्षहरु र यस अध्ययनको लागि प्राप्त हुने प्राथमिक र द्वितिय तथ्यांकहरुको विश्लेषणबाट प्राप्त प्राप्तिहरुलाई तुलना गर्दै अध्ययन कार्यलाई अगाडी वढाउन र निस्कर्षमा पुग्न सम्बन्धित साहित्यको समिक्षाले सजिलो वनाएको छ । यसका आधारमा आगामी दिनहरुमा कस्ता शैक्षिक कार्यक्रम ल्याउदा सरोकारवालाहरु वढि उत्प्रेरित र लाभान्वित हुन सक्छन् साथै विद्यालयको आन्तरिक दक्षतामा बृद्धि भई व्यवस्थापकिय पक्ष कसरी मजवुत हुन्छ भन्ने तर्फ इङ्गित गर्न पनि सम्बन्धित साहित्यको समिक्षाले थप सहयोग पुऱ्याएको छ ।

# परिच्छेद - ३
# अध्ययन विधि

## ३.१ अनुसन्धान ढाँचा :-

यो अध्ययनमा आवश्यक पर्ने तथ्याङ्कहरु संकलन गर्न, संकलित तथ्याङ्कहरुको व्याख्या, विश्लेषण र प्रस्तुतिकरण गर्नको लागि गुणात्मक तथा परिमाणात्मक दुवै अनुसन्धान पद्धतिलाई अपनाइएको छ ।

## ३.२ जनसंख्या :-

अध्ययनको लागि छनौट गरिएका स्रोतकेन्द्रका स्रोतब्यक्ति, त्यस क्षेत्रका विद्यालय निरिक्षक, छनौट गरिएका विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, विद्यालयका प्रधानाध्यापकहरु, शिक्षक र अभिभावकहरु अध्ययनका जनसंख्या हुन् ।

## ३.३ नमूना छनौट :-

### ३.३.१ जिल्ला र गा.वि.सको छनौट :-

अध्ययनको लागि सुविधाजनक नमूना छनौट विधिबाट मोरङ्ग जिल्ला र यस जिल्लाको पहाडी क्षेत्रमा पर्ने वारांगी र भोगटेनी गा.वि.स साथै तराईमा पर्ने लेटाङ्ग , जाँते, केराबारी र बयरवन गा.वि.स लाई नमूनाको रुपमा छनौट गरिएको छ ।

### ३.३.२ विद्यालयको छनौट :-

नमूनाको रुपमा छनौट गरिएको मोरङ्ग जिल्लाका पहाडी क्षेत्रका वारांगी र भोगटेनी तराई क्षेत्रका लेटाङ्ग, जाँते, केराबारी र बयरवन गा.वि.स मा पर्ने विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण भएका सामुदायिक विद्यालयहरु मध्ये सुविधाजनक नमुना छनौट विधिबाट ५ वटा विद्यालय र समुदायमा हस्तान्तरण नभएका विद्यालयहरु मध्ये ५ वटा विद्यालय गरी जम्मा १० वटा विद्यालयहरुलाई नमूनाको रुपमा छनौट गरिएको छ । नमूनाको रुपमा छनौट भएका विद्यालयहरु यसप्रकार छन् :

| **समुदायमा हस्तान्तरण भएका विद्यालयहरु** | **समुदायमा हस्तान्तरण नभएका विद्यालयहरु** |
|---|---|
| क. श्री शान्ति भगवती उ.मा.वि. लेटाङ | क. श्री बुद्ध मा.वि. केरावारी |

| | |
|---|---|
| ख. श्री उच्च मा.वि. जाँते | ख. श्री जनकल्याण मा.वि. वयरवन |
| ग. श्री साग्मा मा.वि. भोगटेनी | ग. श्री बालविकास नि.मा.वि. भोगटेनी |
| घ. श्री महेन्द्र मा.वि. वारंगी | घ. श्री लक्ष्मी मा.वि. केरावारी |
| ङ. श्री शिक्षा विकास मा.वि. लेटाङ | ङ. श्री जनसेवा मा.वि. वयरवन |

**३.४ तथ्याङ्क सङकलनका स्रोतहरु**

अध्ययनको क्रममा तथ्याङ्क संकलन गर्न निम्न अनुसारका दुईवटा स्रोतहरुको उपयोग गरिएको  छ ।

**३.४.१ प्राथमिक स्रोत :-** अनुसन्धानको क्रममा तथ्याङक संकलन गर्न अनुसन्धानकर्ता आफैले निर्माण गरेका साधानहरुको उपयोग गरी उत्तरदाताहरुबाट प्रत्यक्ष रुपमा प्राप्त हुने तथ्याङ्क नै प्राथमिक तथ्याङ्कको स्रोत हो । यस अन्तर्गत प्रश्नावली, अन्तर्वार्ता, अवलोकन जस्ता विधि अवलम्वन गरी प्राथमिक सूचनाहरु संकलन गरिएको छ । अवलोकनको लागी रुजूसुचीको प्रयोग गरिएको छ ।

**३.४.२ द्बितीय स्रोत** :- अनुसन्धानको क्रममा विभिन्न दस्तावेज र रेकर्डहरु हेरी प्राप्त हुने तथ्यांक नै तथ्यांक संकलनको द्बितीय स्रोत हो । यस अन्तर्गत विद्यालयका अभिलेखहरु, मार्कलेजर, विद्यार्थी प्रगतीविवरण, शिक्षक विद्यार्थी उपस्थिती बही, डायरी लगायतका सामग्री हेरी सूचनाहरु संकलन गरिएको छ ।

**३.५ तथ्याङक संकलनका साधनहरुको निर्माण :-**

अध्ययनको लागि आवश्यक तथ्याङकहरु संकलन गर्नको लागि निम्न अनुसारका साधनहरुको निर्माण गरी प्रयोग गरिएको छ ।

**३.५.१ असंरचित अन्तर्वार्ता** :- कुनै पनि विषयमा व्यक्तिको विचार वा धारणा बुझ्नको लागि पूर्व निर्धारित मापदण्ड नअपनाई अवस्था र आवश्यकता अनुसार सञ्चालन गरिने अन्तर्वार्तालाई  नै असंरचित अन्तर्वार्ता भनिन्छ । विद्यालय निरिक्षक र स्रोत व्यक्तिहरुबाट तथ्याङक संकलन गर्नको लागि यसको प्रयोग गरिएको छ । अन्तर्वार्ता निर्देशिकालाई अनुसूची १ मा राखिएको छ ।

३.५.२ **प्रश्नावली** :- कुनै विषय, वस्तु वा घटनाको सम्बन्धमा व्यक्तिको विचार बुझ्नको लागि तयार गरिएको प्रश्नहरुको संगालो नै प्रश्नावली हो । प्रश्नावलीको प्रयोग गरी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विद्यालयका प्रधानध्यापक, शिक्षकहरु र अभिभावकहरु बाट तथ्याङक संकलन गरिएको छ । प्रश्नावलीलाई अनुसूची २२,३,४ र ५ मा राखिएको छ ।

३.५.३ **रुजुसूचि** :-अवलोकनद्वारा व्यक्ती, वस्तु तथा अन्य तत्वहरुको उपस्थिती अथवा अनुपस्थिती जनाउन तयार गरिएको वाक्यांशहरुको सूचिलाई रुजुसूचि भनिन्छ । विद्यालयहरुको भौतिक अवस्थाहरुको अवलोकन गरी सूचना संकलन गर्न यसको प्रयोग गरिएको छ । रुजुसूचीलाई अनुसूची ६ मा राखिएको छ ।

## ३.६ साधनको वैधता

तथ्याङक संकलनको लागि निर्माण गरिएको साधनहरुमा वैधता कायम गर्न निम्न अनुसारको कार्य गरिएको छ ।

क) विद्यालयका प्राचार्य, स्रोतव्यक्तिसँग छलफल गरी वैधता कायम गरिएको छ ।

ख) वैधता कायम गर्न शोध निर्देशकको सहयोग लिइएको छ ।

## ३.७.१ प्राथमिक स्रोतबाट तथ्याङक संकलन प्रकृया :-

यस अन्तर्गत निम्न अनुसारको विधि र साधनको प्रयोग गरी निम्न व्यक्तिहरुबाट तथ्यांक संकलन गरिएको छ ।

- विद्यालय निरिक्षक तथा स्रोत व्यक्तिहरुबाट अनुसूची १ मा निर्माण गरिएको अन्तर्वार्ता निर्देशिकाको प्रयोग गरी अनुसन्धानकर्ता आफैबाट तथ्याङक संकलन गरिएको छ ।
- विद्यलयका प्रधानध्यापकहरुबाट अनुसूची २ मा निर्माण गरिएको प्रश्नावलीको प्रयोग गरी अनुसन्धानकर्ता आफैंबाट तथ्याङक संकलन गरिने छ ।
- विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुबाट अनुसूची ३ मा निर्माण गरिएको प्रश्नावलीको प्रयोग गरी अनुसन्धानकर्ता आफैंबाट तथ्यांक संकलन गरिएको छ ।
- विद्यालयका शिक्षकहरुबाट अनुसूची ४ मा निर्माण गरिएको प्रश्नावलीको प्रयोग गरी अनुसन्धानकर्ता आफैंबाट तथ्यांक संकलन गरिएको छ ।

- विद्यालयका अभिभावकहरुबाट अनुसूची ५ मा निर्माण गरिएको प्रश्नावलीको प्रयोग गरी अनुसन्धानकर्ता आफैंबाट तथ्यांक संकलन गरिएको छ ।
- विद्यालयका विभिन्न भौतिक अवस्थाको बारेमा अनुसूची ६ मा निर्माण गरिएको रुजुसूचीको प्रयोग गरी अवलोकन गर्दै अनुसन्धानकर्ता आफैंबाट तथ्यांक संकलन गरिएको छ ।

### ३.७.२ द्वितीय स्रोतबाट तथ्याङक संकलन प्रकृया :-

यस अन्तर्गत विद्यालयका विभिन्न अभिलेखहरु, विद्यार्थी प्रगती विवरण, मार्कलेजर, शिक्षक विद्यार्थी उपस्थिती बही, डायरी, दस्तावेजहरु हेरी तथ्याङ्क संकलन गरिएको छ ।

## ३.८ तथ्याङ्क विश्लेषण र प्रस्तुती :-

विभिन्न स्रोतहरुबाट प्राप्त तथ्याङ्कलाई सहि रुपमा बुझ्न यसको विश्लेषण गरिनु पर्दछ । तथ्याङ्कको विश्लेषण नगरिएको अवस्था सम्म तथ्याङ्क आफैंमा पूर्ण भएको मानिदैन । तथ्याङ्कबाट प्राप्त गर्न खोजिएको विषयवस्तु के हो ? तथ्याङ्कले के वोल्छ ? तथ्याङ्कले अध्ययनको विषयलाई कति समेट्न सक्दछ ? आदि कुराको निर्क्योल गर्न तथ्याङ्कको विश्लेषण गरिनु पर्दछ ।

यस अध्ययनमा विभिन्न स्रोतबाट प्राप्त तथ्याङ्कलाई तालिकावद्ध गरिएको छ । द्वितीय तथ्याङ्कका स्रोतबाट आएका तथ्याङ्कलाई विषयवस्तु अनुसार छुट्टाछुट्टै तालिकामा प्रस्तुत गरिएको छ । तालिकामा प्रस्तुत गरिएको संख्यात्मक तथ्याङ्कलाई प्रतिशतमा उल्लेख गरि स्तम्भ चित्रमा देखाउनुका साथै व्याख्या विश्लेषण गरिएको छ । त्यसैगरि प्राथमिक तथ्याङ्कका स्रोतहरु प्रश्नावली र अन्तर्वार्ताबाट प्राप्त भएका तथ्यांकलाई पनि तालिकामा प्रस्तुत गरी संख्यात्मक रुपमा उल्लेख गर्नुका साथै प्रतिशतमा देखाइ व्याख्या विश्लेषण गरिएको छ ।

## परिच्छेद : चार

## अध्ययन क्षेत्रको परिचय

### ४.१ अध्ययन क्षेत्र मोरङ जिल्लाको परिचयः

नेपालको पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत कोशी अञ्चलमा रहेका ६ वटा जिल्लाहरु मध्ये सवैभन्दा दक्षिण तराइमा अवस्थित जिल्ला मोरङ जिल्ला हो । यस जिल्लाको पूर्वमा झापा र इलाम, पश्चिममा सुनसरी, दक्षिणमा भारतको विहार र उत्तरमा धनकुटा र पाँचथर जिल्ला रहेका छन् । २६ं२०' उत्तर देखी २६ं ५३' उत्तरी अक्षांश र ८७ ११' पूर्व देखि ८७ ४१' पूर्वी देशान्तरको वीचमा रहेको यस जिल्लाको कूल क्षेत्रफल १,८५० वर्ग कि.मि. रहेको छ । यस जिल्लाको भू-वनोटलाई हेर्दा दक्षिणमा तराईको समतल मैदान देखि उत्तरमा भावर प्रदेश, चुरे र महाभारत पहाड सम्म फैलिएको छ । राजनैतिक प्रशासनिक विभाजन अनुसार यस जिल्लामा ६४ वटा गा.ि.स. एउटा नगरपालिका र एउटा उप-महानगरपालिका रहेका छन् । जसमध्ये ५६ वटा गा.वि.स. तराइमा अवस्थित छन् भने पहाडी क्षेत्रमा ८ वटा गा.वि.स.हरु रहेका छन् । ९ वटा निर्वाचन क्षेत्र र १७ वटा इलाकामा विभाजन गरिएको यस जिल्लाको सदरमुकाम विराटनगर हो । यस जिल्लामा उष्ण र समशितोष्ण दुवै खालको हावापानी पाइन्छ । अध्ययन क्षेत्रमा पर्ने भोगटेनी र वारंगी गा.वि.स. चुरे क्षेत्र देखि महाभारत पहाड सम्म फैलिएका छन् । त्यसैगरी लेटाङ, जाँते र केराबारी गा.वि.स. चारकोशे जंगल देखि उत्तर चुरे क्षेत्र सम्म फैलिएका छन् भने वयरवन गा.वि.स. चारकोशे जंगल देखि दक्षिण पूर्वपश्चिम राजमार्ग संग जोडिएको तराइमा अवस्थित छ ।

जिल्ला शिक्षा कार्यालय मोरङको शैक्षिक सर्वेक्षण २०६७ अनुसार यस जिल्लाको कुल जनसंख्या १००४८७९ रहेको छ । जसमा पुरुषको संख्या ५०३०८७ र महिलाको संख्या ५०१०९२ रहेको छ । यस जिल्लाको जन घनत्व प्रतिवर्ग कि.मि. मा ५४३.१७ रहेको छ । यस जिल्लाको जनसंख्या बृद्धि दर २.२७% छ भने औषत आयु ६६.५ वर्ष रहेको छ । कुल जनसंख्याको बसोवासलाई हेर्दा यस जिल्लामा २२.०४% जनसंख्या शहरी क्षेत्रमा बस्दछन् भने ७७.९६% जनसंख्या ग्रामिण क्षेत्रमा बसेको पाइन्छ ।

यस मोरङ जिल्लाको शैक्षिक स्थितिलाई हेर्दा यस जिल्लाको साक्षरता प्रतिशत ६६% रहेको छ । जसमा पुरुष ७५% र महिला ५७% रहेको छ । यस जिल्लामा एउटा विश्वविद्यालय, २३ वटा क्याम्पस, ६७ वटा उच्च मा.वि., ५४८ वटा सामुदायिक विद्यालय र ३१२ वटा संस्थागत विद्यालयहरु रहेका छन् । जसमध्ये सामुदायिक विद्यालयका प्रा.वि. तह २६६, नि.मा.वि. तह ८२ वटा र मा.वि. तह ४२ वटाको व्यवस्थापन समुदायमा हस्तान्तरण भइसकेको छ । यस जिल्लामा सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको भर्नालाई हेर्दा खुद भर्नादर ५७.३६% र सहजै देखिने भर्नादर ८५.३९% रहेको छ ।

यस जिल्लामा धरातलिय विविधता सँगै कृषि उत्पादनमा पनि विविधता पाईन्छ । तराइमा उर्वर समतल र मलिलो माटो भएकोले धान, गहुँ, मकै जस्ता खाद्यवाली र उखु, जुट, तेलहन जस्ता नगदे वालीको राम्रो उत्पादन हुन्छ भने चुरे र पहाडी क्षेत्रमा धान खेतिको लागि उपयुक्त भौगोलिक अवस्था नभएकोले त्यहाँ मकै, कोदो जस्ता खाद्य वाली र फलफुल, अलैंची, अम्लीसो, अदुवा जस्ता नगदे वालीको उत्पादन हुने गरेको पाइन्छ । यस जिल्लाको तराइमा उष्ण सदावहार जंगल पाइन्छ भने चुरे र पहाडी क्षेत्रमा सदावहार र पतझर मिश्रित जंगल पाइन्छ ।

### ४.२ अध्ययन क्षेत्र अन्तर्गत पर्ने गा.वि.स.हरुको परिचयः

मोरङ जिल्लाका ६४ वटा गा.वि.स.हरु मध्येको एउटा गा.वि.स. लेटाङ हो । यो गा.वि.स. पूर्व पश्चिम राजमार्गको कानेपोखरी देखि उत्तर चारकोशे जंगल पार गरेपछी चुरे पहाडको फेदीमा पर्दछ । यसको पूर्वमा जाँते, पश्चिममा केरावारी, उत्तरमा वारंगी र भोगटेनी गा.वि.स. पर्दछन भने दक्षिणमा चारकोशे जंगलको विचभाग सम्म फैलिएको छ । यस गा.वि.स.को धेरैजसो भू-भाग समतल भावर क्षेत्रमा पर्दछ भने केही भाग चुरे क्षेत्रमा पनि पर्दछ । ५९.५ वर्ग कि.मि. क्षेत्रमा फैलिएको यस गा.वि.स.को कुल भू-भागको दुई तिहाई क्षेत्रफल जंगलले ओगटेको छ । मोरङ जिल्ला निर्वाचन क्षेत्र नं. ९ मा पर्ने उत्तरी मोरङको सुन्दर व्यापारिक केन्द्रको रुपमा रहेको लेटाङ एउटा नगर उन्मुख गा.वि.स. पनि हो । वि.सं. २०५८ सालको जनगणनाको प्रारम्भिक तथ्याङ्क अनुसार यस गा.वि.स.को कुल जनसंख्या २१२५८ जना रहेको छ । जसमा पुरुषको संख्या १०५०८ र महिलाको संख्या १०७५० रहेको छ । यो गा.वि.स. उत्तरी मोरङको शैक्षिक केन्द्र पनि हो । यहाँ एउटा सामुदायिक क्याम्पस, एउटा सामुदायिक उ.मा.वि., तीन वटा सामुदायिक मा.वि. र ६ वटा

सामुदायिक प्रा.वि. छन भने संस्थागत तर्फ एउटा उ.मा.वि., ९ वटा मा.वि., १ नि.मा.वि. र १ प्रा.वि. रहेका छन् । चिसांङ र भुवाखोलाबाट सिंचित यो गा.वि.स. अन्त्यन्तै उर्वर खेतीयोग्य जमिनले वनेको छ । यहाँका धेरैजसो मानिसको व्यवशाय कृषि हो भने बैदेशिक रोजगार, व्यापार, नोकरी, मजदुरी आदी पेशाभएका मानिसहरुको पनि वसोवास छ ।

मोरङ जिल्ला निर्वाचन क्षेत्र नं. ९ मा पर्ने पूर्व पश्चिम राजमार्गको पथरी देखि उत्तरमा चारकोशे जंगल पार गरेपछी पर्ने गा.वि.स. जाँते हो । यो गा.वि.स.को पूर्वमा टाँडी र मधुमल्ला, उत्तरमा वारंगी र रमितेखोला, पश्चिममा लेटाङ गा.वि.स. पर्दछ भने दक्षिण्मा चारकोशे जंगलको मध्यभाग सम्म यो गा.वि.स. फैलिएको छ । धेरै जसो भू-भाग, चुरे र पहाडी क्षेत्रमा पर्ने यस गा.वि.स.को दक्षिणी भू-भाग भावर प्रदेशमा पर्दछ । ६६.५ बर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस गा.वि.स.को दुई तिहाई क्षेत्रफल जंगलले ढाकेको छ । तेली, सोल्टी र मोरङ्गे खोलाबाट सिंचित यस गा.वि.स.को दक्षिणी भागमा कृषि व्यवशायको लागि अत्यन्तै राम्रो उर्वर माटो पाईन्छ । यहाँका धेरैजसो मानिसको पेशा कृषि हो भने बैदेशिक रोजगार, व्यापार, नोकरी, मजदुरी पेशा व्यवशाय भएका मानिसहरुको पनि यहाँ बसोवास छ । वि.सं. २०५८ सालको जनगणनाको प्रारम्भिक तथ्याङ्क अनुसार यस गा.वि.स.को जम्मा जनसंख्या १४०८२ छ । जसमा पुरुषको संख्या ६८६६ र महिलाको संख्या ७२१६ छ । यस गा.वि.स.मा शिक्षाको विकास पनि राम्रै भएको पाइन्छ । यहाँ दुईवटा सामुदायिक उ.मा.वि., १ नि.मा.वि. र ६ वटा प्रा.वि. छन भने संस्थागत तर्फ ३ वटा विद्यालयहरु रहेका छन् ।

मोरङ जिल्लाका ६४ वटा गा.वि.स.हरु मध्ये निर्वाचन क्षेत्र नं. ८ मा पर्ने एउटा सुन्दर गा.वि.स. केरावारी हो । चुरे पहाडको फेदिमा अवस्थित यो गा.वि.स.पूर्व पश्चिम राजमार्गको इन्दपुर खोरसानेबाट उत्तर चारकोशे जंगल पार गरेपछी आउँछ । यस गा.वि.स.को पूर्वमा लेटाङ र भोगटेनी, उत्तरमा भोगटेनी र याङसिला र पश्चिममा याङसिला गा.वि.स. पर्दछ भने दक्षिणमा वेलवारी र इन्द्रपुर गा.वि.स. सँग जोडिएको छ । यस गा.वि.स.को केही भू-भाग चुरे क्षेत्रमा परेता पनि धेरै जसो भू-भाग समतल भावर र तराई क्षेत्रमा पर्दछ । ८१ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस गा.वि.स.को आधा जसो भू-भाग जंगलले ढाकेको छ । खदम, लोहान्द्रा खोलाबाट सिंचित यस गा.वि.स.मा अत्यन्तै राम्रा् खेतियोग्य जमिन पाइन्छ । यहाँका धेरै जसो मानिसको पेशा कृषि हो भने वैदेशिक

रोजगार, व्यापार, नोकरी, मजदुरी पेशा पनि यहाँका मानिसहरुको मुख्य पेशा रहेको छ । वि.सं. २०५८ सालको जनगणनाको प्रारम्भिक तथ्याङ्क अनुसार यस गा.वि.स.को कुल जनसंख्या २०,३७६ रहेको छ । जसमा पुरुषको संख्या १०३१३ र महिलाको संख्या १००६३ छ। यस गा.वि.स.मा शिक्षाको विकास पनि राम्रो छ । यहाँ एउटा सामुदायिक उ.मा.वि., ३ वटा मा.वि., १ नि.मा.वि. र ५ वटा प्रावि छन भने संस्थागत तर्फ ३ वटा मा.वि., दुईवटा नि.मा.वि. र ३ वटा प्रा.वि. रहेका छन ।


मोरङ जिल्लाका ६४ वटा गा.वि.स.हरु मध्ये निर्वाचन क्षेत्र नं. २ मा अवस्थित पूर्व पश्चिम राजमार्ग सँग जोडिएको गा.वि.स. बयरवन हो । यस गा.वि.स.को पूर्वमा शनिश्चरे, हसन्दह र अमरदह गा.वि.स., पश्चिममा केरौन गा.वि.स., दक्षिणमा दर्वेशा गा.वि.स. पर्दछ भने उत्तरमा कानेपोखरी हुँदै चारकोशे जंगलको मध्यभाग सम्म यो गा.वि.स. फैलिएको छ। ४६ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस गा.वि.स.को एकतिहाई भू-भाग वन क्षेत्रले ओगटेको छ । डाँसखोला र चिसाङ खोलाबाट सिंचित यस गा.वि.स.को सम्पूर्ण भू-भाग तराईको समतल क्षेत्र र उर्वर माटोले वनेको छ । यो गा.वि.स. धान खेतिको लागि प्रसिद्ध छ । यस गा.वि.स.मा वसोवास गर्ने धेरैजसो मानिसहरुको पेशा कृषि हो भने वैदेशिक रोजगार, नोकरी, व्यापार, मजदुरी जस्ता पेशामा लागेका मानिसहरुको पनि वसोवास यस गा.वि.स.मा छ । वि.सं. २०५८ सालको जनगणनाको प्रारम्भिक तथ्याङ्क अनुसार यस गा.वि.स.को कुल जनसंख्या १६६७८ जना रहेको छ । जसमा पुरुषको जनसंख्या ८२५५ जना र महिलाको जनसंख्या ८४२३ रहेको छ । यस गा.वि.स.मा एउटा सामुदायिक क्याम्पस, एउटा सामुदायिक उच्च मा.वि., तिनवटा सामुदायिक मा.वि. र तिनवटा सामुदायिक प्रा.वि. छन भने संस्थागत तर्फ तिनवटा मा.वि. र चारवटा प्रा.वि.हरु रहेका छन् ।

मोरङ जिल्ला निर्वाचन क्षेत्र नं. ९ मा पर्ने विकट पहाडी गा.वि.स.हरु मध्येको एउटा गा.वि.स. वारंगी हो । यस गा.वि.स.को उत्तरमा धनकुटा जिल्ला पर्दछ भने दक्षिणमा जाँते, लेटाङ र भोगटेनी गा.वि.स., पूर्वमा रमितेखोला गा.वि.स. र पश्चिममा सिंहदेवी गा.वि.स. पर्दछ । यस गा.वि.स.को सवै भू-भाग पहाडी क्षेत्रमा पर्दछ । ३७ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस गा.वि.स.को आधा जसो भू-भाग डाँडा काँडा र जंगलले ढाकेको छ । खेतिपातीको हिसावले यहाँको धरातल राम्रो नभएता पनि अम्लिसो, अलैंची, अदुवा

जस्ता नगदेवाली र पशुपालनको लागि यहाँको वातावरण राम्रो छ । यहाँका धेरैजसो मानिसहरुको पेशा व्यवसाय कृषिभ भए पनि पशुपालन, वैदेशिक रोजगार, नोकरी जस्ता व्यवशाय पनि यहाँका मानिसहरुले अंगालेको पाइन्छ । वि.सं. २०५८ सालको जनगणनाको प्रारम्भिक तथ्याङ्क अनुसार यस गा.वि.स.को कुल जनसंख्या ३३६४ जना रहेको छ । जसमा पुरुषको संख्या १७१३ र महिलाको संख्या १६५१ जना रहेको छ । यस गा.वि.स.को शैक्षिक स्थितीलाई हेर्दा एउटा सामुदायिक मा.वि., दुईवटा नि.मा.वि. र पाँचवटा प्रा.वि.हरु रहेका छन भने संस्थागत तर्फ एउटा प्रा.वि. रहेको छ ।

मोरङ जिल्ला निर्वाचन क्षेत्र नं. ९ मा पर्ने विकट पहाडी गा.वि.स.हरु मध्येको एउटा गा.वि.स. भोगटेनी हो । यस गा.वि.स.को करिव ५% भू-भाग तराई क्षेत्रमा अवस्थित छ भने ९५% भू-भाग पहाडी क्षेत्रमा अवस्थित छ । यस गा.वि.स.को उत्तरमा वारंगी, सिंहदेवी र पाटीगाउँ, दक्षिणमा लेटाङ र केरावारी, पूर्वमा वारंगी र लेटाङ, पश्चिममा केरावारी र याङशिला गा.वि.स. पर्दछन । ६५ वर्ग कि.मि. क्षेत्रमा फैलिएको यस गा.वि.स.को दुईतिहाई भू-भाग डाँडा काँडा र जंगलले ढाकेको छ । खेतिपातीको लागि यस गा.वि.स.मा थोरै भू-भाग मात्र उपयुक्त भएता पनि धेरैजसो भू-भाग कृषिको लागि राम्रो छैन । नगदेबालीः अदुवा, अम्लिसो, अलैंची खेतीको लागि र पशुपालनको लागि भने यस गा.वि.स.को वातावरण राम्रो छ । यहाँका धेरैजसो मानिसको पेशा कृषि हो भने पशुपालन, बैदेशिक रोजगार, मजदुरी जस्ता पेशा व्यवशायमा लागेका मानिसहरु पनि यहाँ छन । वि.सं. २०५८ सालको जनगणनाको प्रारम्भिक तथ्याङ्क अनुसार यस गा.वि.स.को कुल जनसंख्या ५९६१ रहेको छ । जसमा पुरुषको संख्या ३०४३ र महिलाको संख्या २९१८ जना रहेको छ । यस गा.वि.स.को शैक्षिक स्थितिलाई हेर्दा तिनवटा सामुदायिक मा.वि., दुईवटा नि.मा.वि. र ६ वटा प्रा.वि. रहेका छन ।

# अध्ययन क्षेत्र मोरङ जिल्ला र गा.वि.स.हरु



# परिच्छेद : पाँच
# तथ्यांकको प्रस्तुति र विश्लेषण

समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरण र यसको प्रभाव विषयक अध्ययनमा विद्यालयका शैक्षिक सूचकहरु, आर्थिक र भौतिक अवस्थामा परेको प्रभाव, व्यवस्थापकिय पक्ष र समुदायसँगको सम्बन्धमा परेको प्रभाव अध्ययन गर्ने सन्दर्भमा मोरङ जिल्ला अन्तर्गत पर्ने सम्पूर्ण सामुदायिक विद्यालयहरु मध्येबाट लेटाङ, जाँते, केरावारी, भोगटेनी, वारंगी र बयरवन गा.वि.स. मा रहेका ५ वटा समुदायमा व्यवस्थापन हस्तान्तरण भएका र ५ वटा व्यवस्थापन हस्तान्तरण नभएका विद्यालयहरुलाई नमूनाको रुपमा छनौट गरी अध्ययनमा समावेश गरिएको थियो । सम्बन्धित विद्यालयका अभिलेख, विद्यालय निरिक्षक तथा स्रोतव्यक्तिबाट प्राप्त जानकारी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक, विद्यालयका शिक्षक तथा अभिभावकहरुबाट प्राप्त भएको सूचनाका आधारमा तथ्याङ्कको प्रस्तुति र विश्लेषण गरिएको छ । तथ्याङ्क संकलनका प्रमुख स्रोतहरु विद्यालय अभिलेख, प्रश्नावली तथा अन्तर्वार्ता रहेका छन् ।

## ५.१ समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरणबाट विद्यालयको शैक्षिक उपलब्धीमा देखिएको अन्तर

नमूनाको रुपमा छनौट गरिएका समुदायमा व्यवस्थापन हस्तान्तरण भएका ५ वटा विद्यालयहरु र समुदायमा हस्तान्तरण नभएका ५ वटा विद्यालयहरुको अभिलेखबाट प्राप्त भएका शैक्षिक उपलब्धीका सूचकहरुलाई निम्न अनुसार तालिकामा देखाई व्याख्या विश्लेषण गरिएको छ ।

तालिका नं. -१


समुदायमा हस्तान्तरण भएका विद्यालयहरुको उत्तिर्ण दर र सिकाइ उपलब्धी

| विद्यालयको नाम | समुदायमा हस्तान्तरण भएको मिति | समुदायद्वारा व्यवस्थापन हुनु पूर्व अघिल्लो वर्षको | | समुदायद्वारा व्यवस्थापन भएपछि २०६७ को | |
|---|---|---|---|---|---|
| | | उत्तिर्ण % | सिकाइ उपलब्धी % | उत्तिर्ण % | सिकाइ उपलब्धी % |
| श्री शान्ति भगवती उ.मा.वि. लेटाङ | वि.सं. २०६३ | ८१.४५ | ४४.२५ | ९४.८ | ४८.३ |
| श्री उच्च मा.वि. जाँते | वि.सं. २०६३ | ८६.६ | ४१.५ | ९४.२ | ४७.१ |
| श्री साग्मा मा.वि. भोगटेनी | वि.सं. २०६४ | ८४.५ | ३९.७ | ९३.६ | ४६ |
| श्री महेन्द्र मा.वि. वारंगी | वि.सं. २०६४ | ७९.७ | ४२.५ | ९१.७५ | ४२.२ |
| श्री शिक्षा विकास मा.वि. लेटाङ | वि.सं. २०६३ | ७७.४ | ४३.५ | ९३.५ | ५०.४ |

स्रोत : स्थलगत सर्वेक्षण २०६८

तलिका नं. १ अनुसार

समुदायद्वारा ब्यवस्थापन हुनुपूर्व र ब्यवस्थापन भएपछिको औसत उतिर्ण दर र सिकाई उपलब्धी प्रतिसत :



माथि प्रस्तुत तालिका र स्तम्भ चित्रमा बिद्यार्थीहरुको उत्तिर्ण दर र सिकाई उपलब्धी प्रस्तुत गरिएकोछ । तालिकामा समुदायमा हस्तान्तरण हुनु पूर्वको अन्तिम वर्ष र समुदायद्वारा व्यवस्थापन भईसकेपछिको वि.स.२०६७ सालको एकवर्षको तथ्याङ्क उल्लेख गरिएको छ भने स्तम्भचित्रमा औसत उत्तिर्ण दर र सिकाई उपलब्धी प्रस्तुत गरिएको छ । तथ्याङ्क अनुसार समुदायमा हस्तान्तरण भएका ५ वटा विद्यालय मध्ये ५वटैको उत्तिर्ण दर बढेको छ भने सिकाई उपलब्धी दर भने ४ वटाको बढेको देखिन्छ भने एउटा विद्यालयको घटेको देखिन्छ । अर्थात १००% बिद्यालयको उर्तिणदर बढेको छ भने सिकाई उपलब्धी दर ८०% बिद्यालयको बढेको र २०% विद्यालयको घटेको देखिन्छ । औसतमा समुदायले विद्यालयको व्यवस्थापन जिम्मा लिनुपूर्व अघिल्लो वर्षको उत्तिर्णदर ८१.९३% र सिकाई उपलब्धी ४२.२१% रहेकोछ भने समुदायले विद्यालयको व्यवस्थापन जिम्मा लिए पश्चात वि.स.२०६७ मा उतिर्णदर ९३.५७% र सिकाई उपलब्धी ४६.८% रहेको देखिन्छ । यो दुवैलाई तुलना गर्दा समुदायले व्यवस्थापन जिम्मा लिएपछी औसतमा उत्तिर्णदर ११.६४% र सिकाई उपलब्धी ४.५९%ले बढेको छ । यो तथ्याङ्क अनुसार अध्यायन क्षेत्रका बिद्यालयका बिद्यार्थीहरुको उत्तिर्ण दर र सिकाई उपलब्धी बृद्वि भएको पाईयो ।

तालिका नं. २


समुदायमा हस्तान्तरण नभएका विद्यालयहरुको उत्तिर्णदर र सिकाई उपलब्धी :

| बिद्यालयको नाम | उत्तिर्ण% (२०४६) | सिकाई उपलब्धी%(०६७) |
|---|---|---|
| श्री बुद्ध मा.बि., केराबारी | ८४% | ४४.३% |
| श्री जनकल्याण मा.बि., बयरबन | ८२.६ | ४२.६ |
| श्री वाल विकास नि.मा.वि., भोगटेनी | ९२.३ | ४६ |
| श्री लक्ष्मि मा.बि., केरावारी | ७९ | ४३.२ |
| श्री जनसेवा मा.बि., बयरबन | ८६.४ | ४४.५ |

स्रोत : स्थलगत सर्भेक्षण,२०६८

तालिका नं. २ अनुसार

समुदायमा हस्तान्तरण नभएका बिद्यालयहरुको औसत उतिर्णदर र सिकाई उपलब्धी प्रतिशत




माथिको तालिकामा समुदायमा हस्तान्तरण नभएका बिद्यालयहरुको उत्तिर्णदर र सिकाई उपलब्धी देखाईएको छ। त्यही तालिकाको आधारमा स्तम्भ चित्रमा औसत उत्तिर्णदर र सिकाई उपलब्धीलाई प्रस्तुत गरिएको छ । तालिका नं.१ र २ लाई तुलना गरेर हेर्दा समुदायमा हस्तान्तरण भएका बिद्यालयहरुको औसत उत्तिर्णदर ९३.५७% र सिकाई उपलब्धी ४६.८% छभने समुदायमा हस्तान्तरण नभएका विद्यालयहरुकोऔसत उत्तिर्ण दर ८४.९% र सिकाई उपलब्धी ४४.१२% छ । यस तथ्याङ्क अनुसार समुदायमा हस्तान्तरण नभएका विद्यालयहरुको भन्दा हस्तान्तरण भएका विद्यालयको उत्तिर्णदर औसतमा ८.६७% र सिकाई उपलब्धी२.६८%ले बढी देखिन्छ । यस तथ्याङ्क अनुसार समुदायमा हस्तान्तरण नभएका भन्दा हस्तान्तरण भएका विद्यालयको उत्तिर्णदर र सिकाई उपलब्धी राम्रो भएको पाईयो ।

मेरी पार्कर फोलेटको समन्वय सम्बन्धी सिद्धान्त अनुसार प्रत्यक्ष सम्पर्क कायम गरी मानव सम्बन्धको विकास गर्न सकिन्छ। कामदार (बिद्यार्थी) संगै सम्बन्धित अधिकारी (शिक्षक र अविभावक) ले प्रत्यक्ष सम्पर्कमा रही उनिहरुका विचार , कामगर्ने तौर तरिकाको बारेमा बोध गर्न सकिन्छ । नजानेका, नबुझेका, शंकालागेका, अस्पष्ट भएका कुरामा सिधा सञ्चार भई तत्काल मुल्याङ्कन मार्फत पृष्ठपोषण प्राप्त हुन्छ । समुदायमा हस्तान्तरण भएका विद्यालयहरुमा अभिभावकहरुको चासो र सक्रियता बढी हुने, बिद्यालय ब्यस्थापन समिती साथै विद्यालय प्रशासनको निगरानि राम्रो हुनेहुँदा विद्यार्थीका कमिकमजोरीहरु थाहापाउन र

त्यसको निराकरण गर्न शिक्षक तथा अभिभावकलाई सजिलो हुने भएकोले त्यस्ता विद्यालयको उतिर्णदर र सिकाई उपलब्धीदरमा बृद्धी भएको हो भन्नेकुरा पुष्टि हुन्छ। यहाँ सिद्धान्त र कार्य बिच तालमेल भएको पाईन्छ।

तालिका नं. ३


समुदायमा हस्तान्तरण भएका विद्यालयहरुको कक्षा छोड्ने र दोहोऱ्याउने दर :

| विद्यालयको नाम | समुदाय द्वारा व्यवस्थापन भएको मिती | समुदाय द्वारा व्यवस्थापन हुनु पुर्वको | | समुदाय द्वारा व्यवस्थापन भएपछी ०६७ को | |
|---|---|---|---|---|---|
| | | कक्षा छोड्ने % | कक्षा दोहोऱ्याउने % | कक्षा छोड्ने % | कक्षा दोहोऱ्याउने % |
| श्री शान्ति भगवती उ.मा.वि.,लेटाङ्ग | वि.स.२०६३ | ४.६ | १३.९५ | २ | ३.२ |
| श्री उच्च मा.वि.,जाँते | वि.स.२०६३ | ३.५ | ९.९ | २.५ | ३.३ |
| श्री साग्मा मा.वि., भोगटेनी | वि.स.२०६४ | ६.१ | ९.४ | ३.१ | ३.३ |
| श्री महेन्द्र मा.बि., वाराङ्गी | वि.स.२०६४ | ३.८ | १६.५ | ३.५ | ४.७५ |
| श्री शिक्षा विकास मा.वि., लेटाङ्ग | वि.स.२०६३ | ५ | १७.६ | २.५ | ४ |

स्रोत :- स्थलगत सर्भेक्षण,२०६८

तलिका नं. ३ अनुसार

समुदायमा हस्तान्तरण भएका विद्यालयहरुको औसतमा कक्षा छोडने र दोहोऱ्याउने प्रतिशत :




माथि प्रस्तुत तालिकामा समुदायमा हस्तान्तरण भएका बिद्यालयहरुको समुदायमा हस्तान्तरण हुनुभन्दा अघिल्लो वर्ष र समुदायमा हस्तान्तरण भएपछि वि.स.२०६७ सालको कक्षा छोडने र कक्षा दोहोऱ्याउने दर उल्लेख गरिएको छ भने स्तम्भ चित्रमा तालिकामा उल्लेख गरिएको तथ्याङ्कको औसत अंकलाई प्रस्तुत गरिएको छ । तथ्याङ्क अनुसार समुदायमा हस्तान्तरण भएका ५ वटै विद्यालयहरुको समुदायमा हस्तान्तरण हुनुभन्दा अगाडीको भन्दा हस्तान्तरण भईसकेपछी कक्षा छोडने र दोहोऱ्याउने दर घटेको छ । तथ्याङ्क अनुसार १००% विद्यालयकै कक्षा छोडने र दोहोऱ्याउने दर घटेको छ । औसतमा हेर्दा समुदायले विद्यालयको ब्यवस्थापन जिम्मा लिनुपूर्व अघिल्लो वर्षको कक्षा छोडने दर ४.६ % र कक्षा दाहोऱ्याउने दर १३.४७% रहेको छ भने समुदायले विद्यालयको ब्यवस्थापन जिम्मा लिए पश्चात वि.स.२०६७ मा कक्षा छोडने दर २.७२% र कक्षा दोहोऱ्याउने दर ३.७१%रहेको देखिन्छ । यो दुवै तथ्याङ्कलाई तुलना गरेर हेर्दा समुदायले विद्यालयको ब्यवस्थापन जिम्मा लिएपछी औसतमा कक्षा छोडने दर १.८८% र कक्षा दोहोऱ्याउने दर ९.७६% ले कमी आएको देखिन्छ । प्रस्तुत तथ्याङ्क अनुसार अध्ययन क्षेत्रका विद्यालयका बिद्यार्थीहरुको कक्षा छोडने र कक्षा दोहोऱ्याउने दर घटेको पाइयो ।

तालिका नं. ४


समुदायमा हस्तान्तरण नभएका विद्यालयहरुको कक्षा छोडने र दोहोऱ्याउने दर :

| विद्यालयको नाम | कक्षा छोडने दर % | कक्षा दोहोऱ्याउने % |
|---|---|---|
| श्री वुद्ध मा.वि., केरावरी | ५.२ | १०.६ |
| श्री जनकल्याण मा.वि., बयरवन | ३.६ | १३.८ |
| श्री वाल विकास नि.मा.वि., भोगटेनी | ३.२ | ४.५ |
| श्री लक्ष्मि मा.वि., केरावारी | ६.५ | १४.५ |
| श्री जनसेवा उ. मा.वि., बयरवन | २.८ | १०.८ |

स्रोत :- स्थलगत सर्भेक्षण,२०६८

तालिका नं. ४ अनुसार

समुदायमा हस्तान्तरण नभएका विद्यालयहरुको औसतमा कक्षा छोडने र दोहोऱ्याउने प्रतिशतः




माथि प्रस्तुत तालिकामा समुदायमा हस्तान्तरण नभएका विद्यालयहरुको कक्षा छोडने र दोहोऱ्याउने दर उल्लेख गरिएको छ । तालिकाको तथ्याङ्कको आधारमा कक्षा छोडने र कक्षा दोहोऱ्याउने औसत दरलाई स्तम्भ चित्रमा देखाईएको छ । माथी तालिका नं. ३ र तालिका नं.४ मा उल्लेख गरिएको तथ्याङ्कलाई तुलना गरेर हेर्दा समुदायमा हस्तान्तरण

भएका विद्यालयहरुको औसतमा कक्षा छोडनेदर २.७२ % र कक्षा दोहोऱ्याउनेदर ३.७१% छ भने समुदायमा हस्तान्तरण नभएका विद्यालयहरुको औसतमा कक्षा छोडने दर ४.२६ % र कक्षा दोहोऱ्यउने दर १०.८४ % छ । समुदायमा हस्तान्तरण नभएका विद्यालयहरुको भन्दा हस्तान्तरण भएका विद्यालयहरुको औसतमा कक्षा छोडने दर १.८४ % र कक्षा दोहोऱ्याउने दर ७.१३ %ले घटि देखिन्छ । तथ्याङ्कअनुसार अध्यायन क्षेत्रका समुदायमा हस्तान्तरण नभएका विद्यालयहरुको भन्दा समुदायमा हस्तान्तरण भएका विद्यालयहरुको कक्षा छोडने र कक्षा दोहोऱ्याउने दर थोरै भएको पाईयो ।

फ्रेडरिक टेलरले आफ्नो वैज्ञानिक ब्यवस्थापनको सिद्धान्तमा उत्पादकत्व बढाउनु भनेको न्युनतम लागतमा अधिकतम नाफा आर्जन गर्नुमात्र होईन जसको लागी कामदारको क्षमताको बिकास गर्न परिश्रमिक बृद्धि, पुरस्कार, तालिम, कामदार र मालिकका बिचको मैत्रीपूर्ण सम्बन्धको विकास गर्नुपर्ने उल्लेख छ । प्रस्तुत तथ्याङ्कको विश्लेशणको आधारमा हेर्दा शिर्षक र सिद्धान्त विचको सम्वन्ध प्रष्ट हुन्छ । छात्रवृति, पुरस्कार, भ्रमण, खेलकुद, मैत्रिपूर्ण सम्बन्ध, निरन्तर अन्तरक्रिया जस्ता कुराहरुले विद्यार्थीहरुमा हौसला बढ्नगई अध्यायनमा सफलता प्राप्त हुने देखिन्छ । यिनैकारणले गर्दा समुदायमा ब्यवस्थापन हस्तान्तरण भएका विद्यालयहरुमा विद्यार्थीहरुको कक्षा छोडने र दोहोऱ्याउने दरमा कमीआएको हो ।

तालिका नं.५


समुदायमा हस्तान्तरण भएका विद्यालयहरुमा शिक्षक र विद्यार्थीको औसत वार्षिक उपस्थिती

| विद्यालयको नाम | समुदायद्वारा व्यवस्थापन भएको मिती | समुदायद्वारा व्यवस्थापन हुनुपूर्व अघिल्लो वर्षको | | समुदायद्वारा व्यवस्थापन भएपछि २०६७ को | |
|---|---|---|---|---|---|
| | | शिक्षकको वार्षिक औसत उपस्थिती % | विद्यार्थीको वार्षिक औसत उपस्थिती % | शिक्षकको वार्षिक औसत उपस्थिती % | विद्यार्थीको वार्षिक औसत उपस्थिती % |
| श्री शान्ति भगवती उ.मा.वि., लेटाङ्ग | वि.स.२०६३ | ८७.७५ | ७३.२ | ९१ | ७५.४ |
| श्री उच्च मा.वि., जाँते | वि.स.२०६३ | ८९.६१ | ६९.९ | ९३.२ | ७२.८५ |
| श्री साग्मा मा.वि., भोगटेनी | वि.स.२०६४ | ९१.३ | ६२.६५ | ९३.५ | ६०.४५ |
| श्री महेन्द्र मा.बि., वाराङ्गी | वि.स.२०६४ | ९०.५५ | ६१.३ | ८८.४ | ६८.६ |
| श्री शिक्षा विकास मा.वि., लेटाङ्ग | वि.स.२०६३ | ८९.४ | ७१.५ | ९२.५४ | ७४.९ |

स्रोत :- स्थलगत सर्भेक्षण,२०६८

तालिका नं. ५ अनुसार

समुदायमा हस्तान्तरण भएका विद्यालयहरुमा शिक्षक तथा विद्यार्थीहरुको औसत वार्षिक उपस्थिती प्रतिशत :




माथी प्रस्तुत तालिकामा समुदायमा हस्तान्तरण भएका विद्यालयहरुको समुदायमा हस्तान्तरण हुनुभन्दा अघिल्लो वर्ष र समुदायमा हस्तान्तरण भएपछी वि.स. २०६७ सालको शिक्षक तथा विद्यार्थीको वार्षिक औसत उपस्थिती उल्लेख गरिएको छ भने स्तम्भ चित्रमा तालिकामा उल्लेख गरिएको तथ्याङ्कको औसत अंकलाई प्रस्तुत गरिएको छ। तथ्याङ्क अनुसार समुदायमा हस्तान्तरण भएका ५ वटा विद्यालयहरु मध्ये ४ वटा विद्यालय अर्थात ८० % विद्यालयको शिक्षक र विद्यार्थीको उपस्थिती समुदायमा व्यवस्थापन हस्तान्तरण पछी बढेको छ भने एउटा अर्थात २०% विद्यालयको शिक्षक तथा विद्यार्थीको उपस्थिती समुदायमा ब्वस्थापन हस्तान्तरण पछी घटेको छ । औसतमा हेर्दा समुदायले विद्यालयको ब्यवस्थापन जिम्मा लिनुपूर्व अघिल्लो वर्ष शिक्षकको वार्षिक उपस्थिती ८९.७२% र विद्यार्थीको वार्षिक उपस्थिती ६७.७१% रहेको छ भने समुदायले विद्यालयको ब्यवस्थापन जिम्मा लिए पश्चात वि.स. २०६७ मा शिक्षकको वार्षिक उपस्थिती ९१.७२ % र बिद्यार्थीको वार्षिक उपस्थिती ७०.४४ % रहेको देखिन्छ । यो दुवै तथ्याङ्कलाई तुलना गरेर हेर्दा समुदायले विद्यालयको ब्यवस्थापन जिम्मा लिएपछी औसतमा शिक्षकको वार्षिक उपस्थिती २% र विद्यार्थीको वार्षिक उपस्थिती २.७३% ले वढेको देखिन्छ । प्रस्तुत तथ्याङ्क अनुसार अध्ययन

क्षेत्रका विद्यालयका शिक्षक तथा विद्यार्थीहरुको वार्षिक उपस्थिती समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरण पछी बढेको पाईयो ।

तलिका नं. ६


समुदायमा हस्तान्तरण  नभएका विद्यालयहरुमा शिक्षक तथा बिद्यार्थीहरुको औसत वार्षिक उपस्थिती प्रतिसत :

| विद्यालयको नाम | शिक्षकको वार्षिक औसत उपस्थिती % (२०६७) | विद्यार्थीको वार्षिक औसत उपस्थिती % (२०६७) |
|---|---|---|
| श्री वुद्ध मा.वि., केरावरी | ९१.३ | ६९.७२ |
| श्री जनकल्याण मा.वि., बयरवन | ८९.४१ | ७१.४ |
| श्री वाल विकास नि.मा.वि., भोगटेनी | ९०.१ | ६७.३९ |
| श्री लक्ष्मि मा.वि., केरावारी | ८७ | ७२.६४ |
| श्री जनसेवा उ. मा.वि., बयरवन | ८७.८४ | ६६.४५ |

स्रोत : स्थलगत सर्भेक्षण, २०६८

तालिका नं. ६ अनुसार

समुदायमा हस्तान्तरण  नभएका विद्यालयहरुमा शिक्षक तथा बिद्यार्थीहरुको औसत वार्षिक उपस्थिती प्रतिसत :




माथी प्रस्तुत तालिकामा समुदायमा हस्तान्तरण नभएका विद्यालयहरुको शिक्षक तथा विद्यार्थीहरुको वार्षिक औसत उपस्थिती उल्लेख गरिएको छ । तालिकाकै

तथ्याङ्कको औसत अंकलाई स्तम्भ चित्रमा देखाइएको छ । माथी तालिका नं.५ र तालिका नं.६ मा उल्लेख गरिएको तथ्याङ्कलाई तुलना गरेर हेर्दा समुदायमा व्यवस्थापन हस्तान्तरण भएका विद्यालयहरुमा औसतमा शिक्षक उपस्थिती ९१.७२ % र विद्यार्थी उपस्थिती ७०.४४ % छ भने समुदायमा व्यवस्थापन हस्तान्तरण नभएका विद्यालयहरुमा औसतमा शिक्षक उपस्थिती ८९.१३ % र विद्यार्थी उपस्थिती ६९.५२ % छ । समुदायमा व्यवस्थापन हस्तान्तरण भएका विद्यालयहरुमा शिक्षकको वार्षिक औसत उपस्थिती २.५७ % र बिद्यार्थीको वार्षिक औसत उपस्थिती ०.९२ % ले बढी देखिन्छ । तथ्याङ्क अनुसार अध्यायन क्षेत्रका समुदायमा व्यवस्थापन हस्तान्तरण नभएका विद्यालयहरुमा भन्दा समुदायमा व्यवस्थापन हस्तान्तरण भएका विद्यालयहरुमा शिक्षक तथा विद्यार्थीहरुको उपस्थिती राम्रो भएको पाईयो ।

यसरी शिक्षक र विद्यार्थीको औसत उपस्थिती दर बढेर जानेकुरा पनि मेरी पार्कर फोलेटको समन्वय सम्वन्धि सिद्धान्तसंग मेल खान जान्छ । विद्यार्थी र शिक्षक , शिक्षक र विद्यालय प्रशासन , शिक्षक-विद्यार्थी र विद्यालय व्यवस्थापन समिती तथा विद्यालय प्रशासनले एक अर्काको विचमा प्रत्यक्ष सम्पर्कमा रही एकआपसमा भएका समस्याहरुको समाधान गर्न सहयोग गर्न सकिन्छ । समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरण भएका विद्यालयहरुमा माथी उल्लेखित सवै पक्षको विचमा राम्रो सम्वन्ध र समन्वय भएकै कारणले गर्दा विद्यालयमा शिक्षक तथा विद्यार्थीहरुको उपस्थिती राम्रो भएको हो भन्ने कुरा पुष्टि हुन्छ ।

<u>तालिका नं. ७</u>

समुदायमा हस्तान्तरण भएका विद्यालयहरुको खुद भर्नादर :


| विद्यालयको नाम | समुदाय द्वारा व्यवस्थापन भएको मिती | समुदाय द्वारा व्यवस्थापन हुनु पूर्व अघिल्लो वर्ष | समुदायद्वारा व्यवस्थापन भएपछी २०६७ को |
|---|---|---|---|
| | | खुद भर्ना दर % | खुद भर्नादर % |
| श्री शान्ति भगवती उ.मा.वि., लेटाङ्ग | वि.स. २०६३ | ५४ | ४६ |
| श्री उच्च मा.वि., जाँते | वि.स. २०६३ | ५० | ५२ |
| श्री साग्मा मा.वि., भोगटेनी | वि.स. २०६४ | ६० | ६४ |
| श्री महेन्द्र मा.वि., वाराङ्गी | वि.स. २०६४ | ६३ | ६९ |

| | | | |
|---|---|---|---|
| श्री शिक्षा विकास मा.वि., लेटाङ्ग | वि.स. २०६३ | ५३ | ५८ |

स्रोत : स्थलगत सर्वेक्षण,२०६८

तालिका नं. ७ अनुसार

समुदायमा हस्तान्तरण भएका विद्यालयहरुको औसतमा खुद भर्नादर प्रतिसत :




माथि प्रस्तुत तालिकामा समुदायमा हस्तान्तरण भएका विद्यालयहरुको समुदायमा हस्तान्तरण हुनु भन्दा अघिल्लो वर्ष र समुदायमा हस्तान्तरण भएपछि बि.स.२०६७ सालको खुद भर्नादर उल्लेख गरिएको छ भने स्तम्भ चित्रमा तालिकामा उल्लेख गरिएको तथ्याङ्कको औसत अंकलाई प्रस्तुत गरिएको छ । तथ्याङ्क अनुसार समुदायमा ब्यवस्थापन हस्तान्तरण भएका ५ वटा विद्यालयहरुमध्ये ४ वटा विद्यालय अर्थात ८० % विद्यालयको खुद भर्नादर बढेको छ भने एउटा विद्यालय अर्थात २० % विद्यलयको खूद भर्नादर घटेको छ । औसतमा हेर्दा समुदायले विद्यालयको ब्यवस्थापन जिम्मालिनु पूर्व अघिल्लो वर्ष खुद भर्नादर ५६ % रहेको छ भने समुदायले विद्यालयको ब्यवस्थापन जिम्मा लिए पश्चात वि.स.२०६७ मा खुद भर्नादर ५७.८ % रहेको देखिन्छ । यो दुवै तथ्याङ्कलाई तुलना गरेर हेर्दा समुदायले विद्यालयको ब्यवस्थापन जिम्मा लिएपछी औसतमा खुद भर्नादर १.८ % ले बढेको देखिन्छ । प्रस्तुत तथ्याङ्क अनुसार अध्ययन क्षेत्रका विद्यालयको ब्यवस्थापन समुदायले जिम्मा लिएपछी विद्यालयको खुदभर्नादर बढेको पाईयो ।

तालिका नं. ८

समुदायमा हस्तान्तरण नभएका विद्यालयहरुको खुद भर्नादर

| विद्यालयको नाम | खुद भर्नादर % | |
|---|---|---|
| श्री वुद्ध मा.वि., केरावरी | ६१ | |
| श्री जनकल्याण मा.वि., बयरवन | ४६ | |
| श्री वाल विकास नि.मा.वि., भोगटेनी | ५१ | |
| श्री लक्ष्मि मा.वि., केरावारी | ५४ | |
| श्री जनसेवा उ. मा.वि., बयरवन | ५१ | |

स्रोत : स्थलगत सर्भेक्षण, २०६८

माथी प्रस्तुत तालिकामा समुदायमा ब्यवस्थापन हस्तान्तरण नभएका विद्यालयहरुको खुद भर्नादर उल्लेख गरिएको छ। माथी तालिका नं. ७ र ८ मा उल्लेख भएको तथ्याङ्कलाई तुलना गरेर हेर्दा समुदायमा विद्यालयको ब्यवस्थापन हस्तान्तरण भएका विद्यालयहरुको औसत खुद भर्नादर ५७.८% छ भने समुदायमा विद्यालयको ब्यवस्थापन हस्तान्तरण नभएका विद्यालयहरुको औसत भर्नादर खुद ५२.६% छ। समुदायमा ब्यवस्थापन हस्तान्तरण नभएका विद्यालयहरुको भन्दा समुदायमा ब्यवस्थापन हस्तान्तरण भएका विद्यालयहरुको खुद भर्नादर औसतमा ५.२% ले बढी देखिन्छ। माथी उल्लेखित तथ्याङ्क अनुसार अध्ययन क्षेत्रका समुदायमा ब्यवस्थापन हस्तान्तरण नभएका विद्यालयहरुको भन्दा समुदायमा ब्यवस्थापन हस्तान्तरण भएका विद्यालयहरुको खुद भर्नादर राम्रो भएको पाईयो।

मानव सम्बन्ध सिद्धान्तका प्रवर्तक प्रा. जर्ज इल्टन मायोले सामुहिक रुपले, सवैको सक्रियतामा कुनैपनि संस्थाहरु सञ्चालन, ब्यवस्थापन तथा संगठन गर्दा कार्यसम्पादन चाँडो स्तरीय र गुणात्मक भई संस्थामा सुधार आउने कुरा बताएका छन। माथिको तथ्याङ्कको विश्लेषणको आधारलाई हेर्दा समुदायमा विद्यालयहरुको ब्यवस्थापन हस्तान्तरण भएका विद्यालयहरुमा पनि सबै पक्षको सक्रियता बढ्नुका साथै सामुहिक भावनाले सबैले कार्य गरेकोले विद्यालयमा विद्यार्थीहरुको खुद भर्नादर बढेको हो भन्ने कुरा पुष्टि हुन्छ।

**५.२ विद्यालयको व्यवस्थापन समुदायलाई दिंदा विद्यालयको आर्थिक एवं भौतिक क्षेत्रमा परेको प्रभाव**

नमूनाको रुपमा छनौट गरिएका समुदायमा व्यवस्थापन हस्तान्तरण भएका ५ वटा विद्यालयहरु र समुदायमा व्यवस्थापन हस्तान्तरण नभएका ५ वटा विद्यालयहरुको अभिलेखबाट प्राप्त भएका आर्थिक एवं भौतिक विवरणलाई निम्न अनुसार तालिकामा देखाइ व्याख्या विश्लेषण गरिएको छ ।

तालिका नं.-९

समुदायमा हस्तान्तरण भएका विद्यालयहरुको आर्थिक एवं भौतिक विवरण :

| विद्यालयको नाम | समुदायद्वारा व्यवस्थापन हुनु पूर्व अघिल्लो वर्षको विवरण | समुदायद्वारा व्यवस्थापन भएपछि २०६७ सम्मको विवरण |
|---|---|---|
| श्री शान्ति भगवती उ.मा.वि. लेटाङ | क. जग्गा १-५-० विग्घा, कक्षाकोठा अर्धपक्कि १० कोठा, कच्चि ६ कोठा, सौचालय ३ वटा रहेको । | जग्गा यथावत, कक्षाकोठा थप ८ कोठा पक्कि, सौचालय थप १ वटा भएको । |
| | ख. विधुत सुविधा नभएको । | विधुत सुविधा विस्तार गरिएको । |
| | ग. खानेपानीको राम्रो प्रवन्ध नभएको । | खानेपानी ट्यांकी निर्माण गरी खानेपानीको राम्रो व्यवस्था गरिएको । |
| | घ. पुस्तकालय र प्रयोगशालाको राम्रो व्यवस्था नभएको । | पुस्तकालय र प्रयोगशालाको व्यवस्था गरिएको । |
| | ङ. फुटवल खेल मैदानको राम्रो व्यवस्था भएको, अन्य खेलको लागि नभएको, बैंक मौज्दात नगद रु ५,००,०००/- रहेको । | बाँस्केटवल, टेवल टेनिस खेलको लागि ठाँउ बनाइएको, कार्यक्रम गर्ने मञ्च वनाइएको बैंक मौज्दात नगद रु २५,००,०००/- भएको । |

| | | |
|---|---|---|
| श्री उच्च मा.वि. जाँते | क. जग्गा १-२-० विग्घा, कक्षाकोठा अर्धपक्कि ५ कोठा, कच्चि ७ कोठा, सौचालय २ वटा रहेको । | ०-४-० विग्घा जग्गा थप, कक्षाकोठा ४ कोठा पक्की र २ कोठा अर्धपक्की थप, सौचालय २ वटा थप भएको। |
| | ख. खानेपानी ट्यांकी नभएको । | खानेपानी ट्यांकी निर्माण गरिएको । |
| | ग. पुस्तकालय र प्रयोगशाला नभएको । | पुस्तकालय र प्रयोगशालाको सामान्य व्यवस्था गरिएको । |
| | घ. व्यवस्थित खेल मैदान नभएको, बैंक मौज्दात नगद रु. १,५०,०००/- रहेको । | व्यवस्थित खेल मैदान निर्माण गरिएको बैंक मौज्दात रु. ५,००,०००/- रहेको । |
| श्री साग्मा मा.वि. भोगटेनी | क. जग्गा ०-१२-० विग्घा, कक्षाकोठा कच्चि १२ कोठा, सौचालय २ वटा रहेको । | जग्गा ०-५-० विग्घा थप गरिएको, कक्षाकोठा २ कोठा पक्की र ५ कोठा अर्धपक्की थप गरिएको, सौचालय एउटा थप गरिएको । |
| | ख. खानेपानीको राम्रो व्यवस्था नभएको । | खानेपानीको व्यवस्था गरिएको |
| | ग. प्रयोगशाला र पुस्तकालय नभएको । | प्रयोगशाला र पुस्तकालयको व्यवस्था गरिएको । |
| | घ. खेलमैदानको राम्रो व्यवस्था नभएको, विद्यालय घेरावारा नभएको, बैंक मौज्दात नगद रु. १,८०,०००/- रहेको । | खेलमैदानको व्यवस्था गरिएको, विद्यालय घेरावारा नभएको, बैंक मौज्दात रु. ३,५०,०००/- भएको । |
| श्री महेन्द्र मा.वि. वारंगी | क. जग्गा ०-१६-० विग्घा, कक्षाकोठा कच्ची १३ वटा, सौचालय २ वटा रहेको । | जग्गा यथावत रहेको, कक्षाकोठा अर्धपक्की ६ कोठा थप, सौचालय १ थप । |

| | | |
|---|---|---|
| | ख. खानेपानी अपर्याप्त भएको | खानेपानीको व्यवस्था गरिएको |
| | ग. पुस्तकालय र प्रयोगशाला नभएको । | पुस्तकालय र प्रयोगशालाको सामान्य व्यवस्था गरिएको । |
| | घ. विद्यालय घेरावेरा नभएको, खेलमैदानको राम्रो व्यवस्था नभएको, बैंक मौज्दात नगद रु. २,००,०००/- रहेको । | विद्यालय घेरावेरा नभएको, खेलमैदानको सामान्य व्यवस्था गरिएको, बैंक मौज्दात नगद रु. ४,००,०००/- भएको । |
| श्री शिक्षा विकास मा.वि. लेटाङ | क.जग्गा १-०-० विग्घा, कक्षाकोठा ६ कोठा पक्की, २ कोठा अर्ध पक्की, ६ कोठा कच्ची, सौचालय २ वटा रहेको | जग्गा यथावत रहेको, कक्षाकोठा ४ कोठा पक्की, ४ कोठा अर्धपक्की थप, सौचालय २ वटा थप गरिएको । |
| | ख. पुस्तकालय र प्रयोगशाला सामान्य रहेको । | पुस्तकालय र प्रयोगशाला व्यवस्थित निर्माण गरिएको । |
| | ग. खानेपानीको राम्रो व्यवस्था नभएको । | व्यवस्थित खानेपानी ट्यांकीको निर्माण गरिएको । |
| | घ. विद्यालय घेरावारा नभएको, फूलवारी वगैंचा नभएको, विधुतको सुविधा नभएको, बैंक मौज्दात नगद रु. २,५०,०००/- रहेको । | विद्यालय घेरावारा गरिएको, फूलवारी बगैंचाको निर्माण गरिएको, विधुत सुविधा भएको, बैंक मौज्दात रु. ७,००,०००/- भएको । |

स्रोत स्थलगत सर्वेक्षण २०६८

प्रस्तुत तालिकामा समुदायमा हस्तान्तरण भएका विद्यालयहरुको समुदायमा हस्तान्तरण हुनुभन्दा अघिल्लो वर्षको र समुदायमा हस्तान्तरण भएपछि वि.सं. २०६७ सम्मको आर्थिक एवं भौतिक विवरण प्रस्तुत गरिएको छ । प्रस्तुत तथ्याङ्क अनुसार भौतिक सुविधालाई हेर्दा समुदायमा हस्तान्तरण भएका ५ वटा विद्यालयहरु मध्ये २ वटा विद्यालयले जग्गा थप गरेको, ५ वटै विद्यालयहरुले सुविधायुक्त कक्षाकोठा थप गरेको, ५ वटै विद्यालयहरुमा सौचालय थप गरिएको, २ वटा विद्यालयमा विधुत नभएकोमा विधुत सेवा विस्तार गरिएको, ५ वटै विद्यालयहरुमा खानेपानीको राम्रो व्यवस्था नभएकोमा खानेपानीको राम्रो व्यवस्था गरिएको, ५ वटा विद्यालयहरुमध्ये ३ वटामा पुस्तकालय र प्रयोगशालाको राम्रो व्यवस्था गरिएको, २ वटामा पहिला पुस्तकालय र प्रयोगशाला नभएकोमा अहिले सामान्य व्यवस्था गरिएको, एउटा विद्यालयमा विद्यालय घेरावारा नभएकोमा समुदायमा हस्तान्तरण भएपछि घेरावारा गरिएको, ३ वटा विद्यालयमा खेलमैदान नभएकोमा खेल मैदानको निर्माण गरिएको, एउटा विद्यालयमा वाँस्केटवल, टेवलटेनिस खेल्ने ठाउँ र मञ्च निर्माण गरिएको । एउटा विद्यालयमा हस्तान्तरण भए पछि फूलवारी बगैंचाको निर्माण गरिएको देखिन्छ । त्यसैगरी आर्थिक पक्षलाई हेर्दा समुदायमा हस्तान्तरण भएका ५ वटै विद्यालयको आर्थिक अवस्थामा सुधार आएको देखिन्छ । बैंक मौज्दात नगदलाई हेर्दा समुदायमा हस्तान्तरण हुनुभन्दा अगाडिको समय भन्दा हस्तान्तरण भएपछि सवै विद्यालयको नगद जम्मा बढेको देखिन्छ ।

<u>तालिका नं. १०</u>

समुदायमा हस्तान्तरण नभएका विद्यालयहरुको आर्थिक एवं भौतिक विवरण :

| विद्यालयको नाम | आर्थिक एवं भौतिक विवरण |
|---|---|
| श्री बुद्ध मा.वि. केरावारी | विद्यालयको जग्गा ०-११-० विग्घा, कक्षाकोठा पक्की ४ कोठा, अर्ध पक्की ६ कोठा, कच्ची ३ कोठा, सौचालय ३ वटा रहेको । विद्यालय घेरावारा नभएको, खानेपानीको व्यवस्था राम्रो नभएको, पुस्तकालय र प्रयोगशाला नभएको, विद्यालयमा विधुत सुविधा सामान्य रहेको, बैंक मौज्दात नगद रु. २,००,०००/- रहेको । |
| श्री जनकल्याण | विद्यालयको जग्गा ०-८-० विग्घा, कक्षाकोठा पक्की ४, अर्धपक्की ७, |

| | |
|---|---|
| मा.वि. बयरवन | कच्ची ४ कोठा, सौचालय २ वटा, विद्यालय घेरावारा सामान्य रहेको, खेलमैदान नभएको, खानेपानीको राम्रो व्यवस्था नभएको, पुस्तकालय र प्रयोगशाला सामान्य रहेको, विद्यालयमा विधुत विस्तार सामान्य रहेको, बैंक मौज्दात नगद रु. ३,५०,०००/- रहेको । |
| श्री बालविकास नि.मा.वि. भोगटेनी | विद्यालयको जग्गा ०-४-० विग्घा, कक्षाकोठा अर्धपक्की ५, कच्ची ५ कोठा, सौचालय २ वटा, विद्यालयको घेरावारा नभएको, पुस्तकालय र प्रयोगशाला नभएको, खेल मैदान नभएको, विद्यालयमा विधुत नभएको, खानेपानी अपर्याप्त रहेको, बैंक मौज्दात नदग रु. ५०,०००/- रहेको । |
| श्री लक्ष्मी मा.वि. केरावारी | विद्यालयको जग्गा १-१७-० विग्घा, कक्षाकोठा पक्की ६ कोठा, कच्चि ८ कोठा, सौचालय ३ वटा, विद्यालय घेरावारा नभएको, खानेपानीको राम्रो व्यवस्था नभएको, प्रयोगशाला र पुस्तकालय छुट्टै र व्यवस्थित नभएको, खेलमैदान नभएको, विद्यालयमा विधुत नभएको, खानेपानी अपर्याप्त रहेको, बैंक मौज्दात नगद रु. ३,५०,०००/- रहेको । |
| श्री जनसेवा उ.मा.वि. बयरवन | विद्यालयको जग्गा १-०-० विग्घा, कक्षाकोठा पक्की ४ कोठा, अर्धपक्की ८ कोठा, सौचालय ३ वटा, विद्यालय घेरावारा राम्रो भएको, प्रयोगशाला र पुस्ताकालयको अवस्था न्यून रहेको, खानेपानीको राम्रो व्यवस्था नभएको, खेलमैदानको अवस्था सामान्य रहेको, विद्यालयमा विधुत विस्तारको अवस्था सामान्य रहेको, बैंक मौज्दात नगद रु. ७,००,०००/- रहेको । |

स्रोत स्थलगत सर्वेक्षण २०६८

समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयहरुको आर्थिक एवं भौतिक अवस्थालाई तुलना गरेर हेर्दा समुदायमा हस्तान्तरण भएका २ वटा विद्यालयहरुमा समुदायमा हस्तन्तरण नभएका ५ वटा विद्यालयहरुमा भन्दा कक्षाकोठा, पुस्तकालय, प्रयोगशाला, खेलमैदान, खानेपानी लगायतका भौतिक पूर्वाधारहरु राम्रो रहेको पाइयो भने समुदायमा हस्तान्तरण भएका ३ वटा विद्यालयहरुमा समुदायमा हस्तान्तरण नभएका ४ वटा विद्यालयको भन्दा कक्षाकोठा राम्रो नभएता पनि अन्य पूर्वाधारहरु जस्तै खानेपानी, सौचालय, पुस्तकालय, प्रयोगशाला आदी राम्रो रहेको पाइयो । त्यसै गरी समुदायमा हस्तान्तरण नभएको एउटा विद्यालय भौतिक रुपले ज्यादै कमजोर रहेको पाइयो । त्यसैगरी आर्थिक रुपमा बैंक जम्मा नगद मौज्दातलाई हेर्दा समुदायमा

हस्तान्तरण भएको एउटा विद्यालय वा २०% विद्यालयको आर्थिक अवस्था समुदायमा हस्तन्तरण नभएका ५ वटै विद्यालयको भन्दा राम्रो देखियो । त्यसैगरी समुदायमा हस्तान्तरण भएको एउटा विद्यालय वा २०% विद्यालयको आर्थिक अवस्था समुदायमा हस्तान्तरण नभएका एउटा विद्यालय संग समान र ४ वटा विद्यालयको भन्दा राम्रो देखियो । समुदायमा हस्तान्तरण भएका २ वटा विद्यालय वा ४०% विद्यालयको आर्थिक अवस्था समुदायमा हस्तान्तरण नभएको एउटा विद्यालयको भन्दा नराम्रो र ४ वटा विद्यालयको भन्दा राम्रो देखियो । समुदायमा हस्तान्तरण भएको एउटा वा २०% विद्यालयको आर्थिक अवस्था समुदायमा हस्तान्तरण नभएका एउटा विद्यालयको भन्दा नराम्रो २ वटा विद्यालय संग समान र २ वटा विद्यालयको भन्दा राम्रो देखियो । यसरी समग्रमा भौतिक र आर्थिक अवस्थालाई तुलना गरेर हेर्दा समुदायमा हस्तान्तरण भएका विद्यालयहरुको समुदायमा हस्तान्तरण भएपछी आर्थिक र भौतिक रुपमा धेरै सुधार आएको देखिन्छ भने तुलनात्मक रुपमा समुदायमा हस्तान्तरण नभएका विद्यालयहरुको भन्दा समुदायमा हस्तान्तरण भएका विद्यालयहरुको आर्थिक र भौतिक अवस्था राम्रो भएको पाइयो ।

## ५.३ विद्यालयको व्यवस्थापन समुदायलाई दिंदा विद्यालयको व्यवस्थापकिय पक्ष र समुदायसंगको सम्बन्धमा परेको प्रभाव :

सामुदायिक विद्यालयको व्यवस्थापन समुदायलाई जिम्मा दिदा विद्यालयको व्यवस्थापकिय पक्ष र समुदायसंगको सम्वन्धमा के कस्ता प्रभावहरु देखिएका छन् भन्ने विषयमा द्वितिय स्रोतहरुबाट प्राप्त तथ्याङ्कहरु मात्र पर्याप्त हुन सक्दैनन् । यसका लागि तथ्याङ्क संकलनका प्राथमिक स्रोतहरुको प्रयोग हुन आवश्यक हुन्छ । यसै सन्दर्भमा जिल्ला शिक्षा कार्यालय मोरङका विद्यालय निरिक्षकहरु, लेटाङ स्रोत केन्द्रका स्रोत व्यक्ति, नमूना छनौटमा परेका विद्यालयहरुका विद्यालय व्यवस्थापन समितीका अध्यक्षहरु, प्रधानाध्यापकहरु, शिक्षकहरु तथा अभिभावकहरु समक्ष अन्तर्वार्ता र प्रश्नावली प्रस्तुत गरी तथ्याङ्क संकलन गर्ने कार्य भयो । यस क्रममा विद्यालय निरिक्षक र स्रोत व्यक्तिलाई अन्तर्वार्ता साथै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक, शिक्षक र अभिभावकहरुको लागि प्रश्नावलीको उपयोग गरियो । विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्दा विद्यालयको व्यवस्थापकिय पक्ष र

समुदायसंगको सम्बन्धमा परेको प्रभाव साथै यसको राम्रो र नराम्रो पक्षहरुको वारेमा विभिन्न व्यक्तिहरुबाट प्राप्त भएका तथ्यांकहरुलाई निम्न अनुसार तालिकामा राखी व्याख्या विश्लेषण गरिएको छ ।

तलिका नं. ११

जिल्ला शिक्षा कार्यालय मोरङका दुइजना विद्यालय निरिक्षक र एकजना स्रोत व्यक्तिबाट प्राप्त तथ्याङ्क

| क.स. | राम्रा पक्षहरु | संख्या | प्रतिशत | कमजोर पक्षहरु | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | वि.व्य.स. तथा अभिभावकको सक्रियता बढेकोले शैक्षिक सुचकहरु राम्रो हुनु । | ३ | १०० | अधिकार प्राप्तिको तुलनामा कर्तव्य पुरा गर्न नसक्नु । | ३ | १०० |
| २ | विद्यालयले आर्थिक र भौतिक सहयोग धेरै प्राप्त गर्न सकेको । | ३ | १०० | आर्थिक अनुदान पाउने प्रलोभनले व्यवस्थापन जिम्मा लिएको । | ३ | १०० |
| ३ | विद्यालयप्रति अभिभावकहरुको चासो र सक्रियता बढेको । | २ | ६६.६६ | शिक्षकहरुले आफ्नो पेशागत सुरक्षामा शंका गर्नु । | २ | ६६.६६ |
| ४ | विद्यालय व्यवस्थापन समितिले बढी अधिकार हरु प्राप्त गर्न सकेको । | ३ | १०० | वि.व्य.स. को कार्यकुसलतामा बृद्धि हुन नसकेको । | ३ | १०० |
| ५ | विद्यालयले विविध शिर्षकमा धेरै अनुदान रकम प्राप्त गर्न सकेको | ३ | १०० | समुदाय सक्षम र सशक्त नभएकोले आफ्नो पहुँच भित्रका मस्याहरुको पनि समाधान गर्न नसक्नु। | २ | ६६.६६ |
| ६ | विद्यालय र समुदायको सम्बन्ध घनिष्ट हुनगई | २ | ६६.६६ | शिक्षण संस्थाहरुमा पदलोलुपता बढ्न गई | ३ | १०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | समुदायमा विद्यालयप्रति अपनत्वको भावना बढेर गएको । | | | राजनीतिक चलखेल हुने गरेको । | | |

स्रोत : स्थलगत अध्ययन २०६८

प्रस्तुत तालिकामा जि.शि.का. मोरङका विद्यालय निरिक्षक तथा स्रोत व्यक्तिबाट विद्यालयको व्यवस्थापन समुदायद्वारा हुँदा वि.व्य.स. र अभिभावकको सक्रियता वढेको, शैक्षिक सुचकहरु राम्रो भएको, धेरै आर्थिक र भौतिक सहयोग प्राप्त गर्न सकेको, विद्यालयप्रति अभिभावकको चासो बढेको, व्यवस्थापन समितिले बढि अधिकारहरु प्राप्त गर्न सकेको, विद्यालय र समुदाय विचको सम्बन्ध राम्रो भई विद्यालय प्रति अपनत्वको भावना बढेको जस्ता राम्रा पक्षहरु उल्लेख छन् भने वि.व्य.स. ले आफ्नो कर्तव्य पुरा गर्न नसकेको, आर्थिक प्रलोभनले व्यवस्थापन जिम्मा लिएको, शिक्षकहरुमा त्रासको भावना पैदा भएको, वि.व्य.स.को कार्यकुशलतामा बृद्धि हुन नसकेको, आफ्नो पहुँच भित्रका समस्याहरुको पनि समाधान गर्न नसक्नु, विद्यालयमा राजनीतिक चलखेल बढ्नु जस्ता कमजोर पक्षहरु उल्लेख छन् । विद्यालय निरिक्षक र स्रोतव्यक्तिबाट प्राप्त तथ्याङ्कको आधारमा विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरणबाट विद्यालयमा राम्रो र नराम्रो दुवैखाले प्रभावहरु परेको कुरा औंल्याइएको छ । समग्रमा हेर्दा विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरणबाट विद्यालयमा नकारात्मक भन्दा सकारात्मक प्रभाव बढि परेको पाइयो ।

<u>तालिका नं. १२</u>

नमूना छनौटमा परेका पाँचवटा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुबाट प्राप्त तथ्याङ्क

| राम्रा पक्षहरु | संख्या | प्रतिशत | कमजोर पक्षहरु | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| अभिभावकमा विद्यालय आफ्नो हो भन्ने भावनाको विकास भएको | ५ | १०० | एकमुस्ट अनुदानको प्रलोभनले व्यवस्थापन जिम्मा लिन तत्पर हुनु | ४ | ८० |
| विद्यालयलाई धेरै आर्थिक अनुदान प्राप्त हुनु । | ५ | १०० | विद्यालय व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी लिन | ५ | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | समुदाय सक्षम भइनसक्नु । | | |
| विद्यालयमा शैक्षिक सुधार हुदै जानु । | ४ | ८० | विद्यालयमा राजनीतिक दाउपेज बढ्नु । | ५ | १०० |
| विद्यालय प्रति वालवालिकाको आकर्षण बढ्नु । | ५ | १०० | समुदाय सक्षम वनाउन आवश्यक भएको । | ४ | ८० |
| विद्यालयले समुदायबाट बढी सहयोग प्राप्त गर्न सकेको । | ४ | ८ | शिक्षक नियुक्तिमा समस्या हुने गरेको । | ५ | १०० |
| उत्पीडित, दलित, जनजातीका बालवालिकाहरुलाई राहत पुगेको । | ४ | ८० | विद्यालयले पूर्णरुपमा स्वायत्तता प्राप्त गर्न नसक्नु । | ५ | १०० |

तालिका नं. १३

नमूना छनौटमा परेका ५ वटा विद्यालयका ५ जना प्रधानाध्यापकहरुबाट प्राप्त तथ्याङ्क

| राम्रा पक्षहरु | संख्या | प्रतिशत | कमजोर पक्षहरु | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| विद्यालयले स्वायत्तताको महशुस गरेको । | ५ | १०० | विद्यालय व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी लिन समुदाय सक्षम भई नसकेको । | ५ | १०० |
| विद्यालयले गर्ने महत्वपूण | ५ | १०० | प्रशासनिक काममा | ५ | १०० |
| | | | | | |
| निर्णय प्रकृयमा समुदायको संलग्नता बढेको । | | | वि.व्य.स.बाट दवाव आउने गरेको । | | |
| विद्यालय र समुदाय विचमा घनिष्ट सम्बन्ध | ५ | १०० | आफ्नो पेशागत सुरक्षा प्रति शिक्षकहरुमा त्रास | ५ | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| भएको । | | | उत्पन्न भएको । | | |
| विद्यालय शैक्षिक, आर्थिक र भौतिक रुपमा सक्षम भएको । | ४ | ८० | विद्यालयमा राजनीतिक चलखेल बढेको । | ५ | १०० |
| आर्थिक कारोवार पारदर्शी हुनु । | ५ | १०० | जि.शि.का.बाट निरीक्षण तथा अनुगमन हुने नगरेको | ४ | ८० |
| विद्यालयमा भर्ना अभियान प्रभावकारी हुन थालेको । | ४ | ८० | विद्यालय व्यवस्थापन समितीले आफ्नो अधिकार र कर्तव्यको निर्वाह गर्न नसकेको । | ५ | १०० |
| शैक्षिक गुणस्तर सुधारमा समिती, अभिभावक, शिक्षक, तथा विद्यार्थीहरुको सक्रियता बढेको । | ५ | १०० | दातृनिकायको निर्देशनमा कार्यक्रम आएकोले सवैको सहयोग नमिल्नु । | ४ | ८० |
| विद्यालयमा अनुशासीत शैक्षिक वातावरण कायम भएको । | ३ | ६० | | | |
| शिक्षक तथा विद्यार्थी आचार संहिता बनाई लागू गर्ने गरिएको । | ४ | ८० | | | |
| शैक्षिक गुणस्तर सुधारमा वालक्लबको गठन भई सक्रियता बढेको । | ४ | ८० | | | |
| समिती तथा अभिभावक हरुबाट नियमित अनुगमन हुने गरेको । | ४ | ८० | | | |
| शैक्षिक सुधारको लागि | ५ | १०० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| समिति, शिक्षक र विद्यार्थीको विचमा अन्तर्क्रिया हुने गरेको । | | | | | |

स्रोतः स्थलगत अध्ययन, २०६८

प्रस्तुत तालिकामा नमूना छनौटमा परेका समुदायमा हस्तान्तरण भएका ५ वटा विद्यालयका प्रधानाध्यापकहरुबाट विद्यालयको व्यवस्थापन समुदायद्वारा हुँदा विद्यालयले स्वायत्तताको महसुस गरेको, महत्वपूर्ण निर्णय प्रकृयामा समुदायको संलग्नता बढेको, विद्यालय र समुदायको विचमा घनिष्ट सम्बन्ध भएको, शैक्षिक, आर्थिक र भौतिक रुपमा विद्यालय पहिलाको भन्दा सक्षम भएको, आर्थिक लाभ हुनु, भर्ना अभियान प्रभावकारी भएको, शैक्षिक गुणस्तर सुधारमा विभिन्न पक्षको सक्रियता वढेको, विद्यालयमा अनुशासीत शैक्षिक वातावरण कायम भएको, शिक्षक तथा विद्यार्थीको आचार संहिता लागू गर्ने गरिएको, बालक्लवको गठन भई शैक्षिक सुधारमा पहल भएको, अभिभावक र समितीबाट नियमित अनुगमन हुने गरेको, नमूना विद्यालय अध्ययन भ्रमण हुने गरेको, शैक्षिक सुधारको लागि विभिन्न पक्षको विचमा अन्तर्क्रिया हुनेगरेको जस्ता राम्रा पक्षहरु उल्लेख छन् भने विद्यालय व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी लिन समुदाय सक्षम भइनसक्नु, प्रशासनिक काममा वि.व्य.स.बाट दबाव आउनु, शिक्षकहरुमा आफ्नो पेशागत सुरक्षाप्रति त्रास उत्पन्न हुनु, विद्यालयमा राजनीतिक चलखेल बढ्नु, जि.शि.का.बाट निरिक्षण तथा अनुगमन हुने नगरेको, वि.व्य.स.ले आफ्नो अधिकार र कर्तव्यको निर्वाह गर्न नसकेको जस्ता कमजोर पक्षहरु भएको उल्लेख छ । विद्यालयका प्रधानाध्यापकबाट प्राप्त तथ्याङ्कको आधारमा विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरणबाट विद्यालयमा राम्रो र नराम्रो दुवैखाले प्रभावहरु परेको कुरा औंल्याइएको छ । समग्रमा हेर्दा विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरणबाट विद्यालयमा नकारात्मक भन्दा सकारात्मक प्रभाव बढि परेको पाइयो ।

तालिका नं. १४

नमूना छनौटमा परेका ५ वटा विद्यालयका दश जना शिक्षकहरुबाट प्राप्त तथ्यांक :

| क्र. स. | राम्रा पक्षहरु | संख्या | प्रतिशत | कमजोर पक्षहरु | संख्या | प्रति शत |
|---|---|---|---|---|---|---|
| १. | विद्यालयमा स्वच्छ शैक्षिक वातावरण भई शैक्षिक सुचकमा सुधार भएको । | १० | १०० | शिक्षकहरुको पेशागत सुरक्षामा आँच आएको । | १० | १०० |
| २. | पुस्तकालय, प्रयोगशाला र शैक्षिक सामाग्रीको उपलब्धता बढेको । | १० | १०० | समुदाय सचेत नभएकोले विद्यालयको व्यवस्थापन गर्न असमर्थ हुनु । | १० | १०० |
| ३. | सवै पक्षमा जिम्मेवारी बोधको भावना बढेको । | ८ | ८० | विद्यालय व्यवस्थापन समिती सर्वेसर्वा वन्न खोज्नु | ८ | ८० |
| ४. | विद्यालय व्यवस्थापन समितीलाई अधिकार सम्पन्न गराईनु । | ९ | ९० | विद्यालयमा टाठावाठा अभिभावको हालिमुहाली हुनु । | ८ | ८० |
| ५. | विद्यालय आर्थिक रुपले सवल बन्नु । | १० | १०० | राजनीतिक चलखेल बढ्नु । | ८ | ८० |
| ६. | संघ संस्थाको सहयोग बढ्नु । | ७ | ७० | वि.व्य.स.लाई आप्नो अधिकार र कर्तव्यको राम्रो ज्ञान नहुनु । | १० | १०० |
| ७. | समुदायको सहयोग बढ्नु | ८ | ८० | शिक्षाको दायित्वबाट सरकार पन्छन खोज्नु । | १० | १०० |
| ८. | विद्यालयमा अनुशासित वातावरण कायम गर्न सहयोग पुग्नु । | ७ | ७० | | | |

स्रोत : स्थलगत अध्ययन २०६८

प्रस्तुत तालिकामा नमूना छनौटमा परेका समुदायमा हस्तान्तरण भएका ५ वटा विद्यालयका दश जना शिक्षकहरुबाट विद्यालयको व्यवस्थापन समुदायद्वारा हुँदा

विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायमभई शैक्षिक सुचकमा सुधार आएको, विद्यालयमा पुस्तकालय, प्रयोगशाला र शैक्षिक सामग्रीको उपलब्धता बढेको, सबै पक्षमा जिम्मेवारी वोधको भावना बढेको, वि.व्य.स. लाई अधिकार सम्पन्न गराइनु, आर्थिक रुपले फाइदा हुनु, संघ संस्थाको सहयोग बढ्नु, समुदायको सहयोग बढ्नु, विद्यालयमा अनुशासित वातावरण कायम हुनु जस्ता राम्रा पक्षहरु उल्लेख छन् भने शिक्षकहरुको पेशागत सुरक्षामा आँच आउनु, समुदाय सचेत नभएकोले विद्यालयको व्यवस्थापन गर्न असमर्थ हुनु, विद्यालय व्यवस्थापन समिती सर्वेसर्वा वन्न खोज्नु, विद्यालयमा टाठावाठा अभिभावकहरुको हालिमुहाली हुनु, राजनीतिक चलखेल बढ्नु, वि.व्य.स.लाई आफ्नो अधिकार र कर्तव्यको राम्रो ज्ञान नहुनु, शिक्षाको दायित्वबाट सरकार पन्छन खोज्नु जस्ता कमजोर पक्षहरु भएको उल्लेख छ । विद्यालयका शिक्षकहरुबाट प्राप्त तथ्याङ्कको आधारमा विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरणबाट विद्यालयमा राम्रो र नराम्रो दुवैखाले प्रभावहरु परेको कुरा औंल्याइएको छ । समग्रमा हेर्दा विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरणबाट विद्यालयमा नकारात्मक भन्दा सकारात्मक प्रभाव बढि परेको पाइयो ।

तालिका नं. १५

नमूना छनौटमा परेका पाँचवटा विद्यालयका १५ जना अभिभावकहरुबाट प्राप्त तथ्याङ्क

| क्र. स. | राम्रा पक्षहरु | संख्या | प्रतिशत | कमजोर पक्षहरु | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | विद्यालयसंग अभिभावकको सम्बन्ध राम्रो र नजिकको भएको । | १५ | १०० | विद्यालयमा राजनीतिक चलखेल बढ्नु । | १५ | १०० |
| २. | विद्यालयले गर्ने महत्वपूर्ण निर्णय प्रकृयामा अभिभावकको सहभागिता बढेको । | १५ | १०० | वि.व्य.स.को गठन हुंदा राजनीतिक भागवन्डा हुनु । | १५ | १०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | आफ्ना नानीहरुको शैक्षिक अवस्थावारे निरन्तर जानकारी हुने गरेको । | १२ | ८० | कार्यक्रमको वारेमा अभिभावकहरुमा चेतना नभएको । | १२ | ८० |
| ४. | विद्यालय हाम्रो हो भन्ने भावना वढेको । | १३ | ८६.६६ | टाठाबाठा अभिभावकहरुको चलखेल बढ्नु । | १२ | ८० |
| ५. | छात्रबृत्ति प्राप्त गरी लाभान्वित भएको । | १३ | ८६.६६ | भविष्यमा सरकारबाट सहयोग नपाइने होकी भन्ने डर रहेको । | १० | ६६.६६ |
| ६. | स्रोत र साधनको परिचालनमा जनसहभागिता बढेको । | १० | ६६.६६ | | | |
| ७. | वि.व्य.स. र विद्यालय प्रशासनले अभिभावकहरुलाई विद्यालयमा आइरहने वातावरण निर्माण गरेको । | १० | ६६.६६ | | | |

स्रोत : स्थलगत अध्ययन २०६८

प्रस्तुत तालिकामा नमूना छनौटमा परेका समुदायमा हस्तान्तरण भएका ५ वटा विद्यालयका १५ जना अभिभावकहरुबाट विद्यालयको व्यवस्थापन समुदायद्वारा हुंदा विद्यालय संग अभिभावकको सम्वन्ध राम्रो र नजिकको भएको, विद्यालयले गर्ने महत्वपूर्ण निर्णय प्रकृयामा अभिभावकको सहभागिता वढेको, आफ्ना नानीहरुको शैक्षिक अवस्था वारे निरन्तर जानकारी हुने गरेको, विद्यालय हाम्रो हो भन्ने भावना वढेको, छात्रबृत्ति प्राप्त गरी लाभान्वित भएको, स्रोत र साधनको परिचालनमा जनसहभागीता बढेको, अभिभावकहरुलाई विद्यालय आइरहने वातावरण निर्माण भएको

जस्ता राम्रा पक्षहरु उल्लेख छन भने विद्यालयमा राजनीतिक चलखेल बढेको, वि.व्य.स.को गठनमा भागवन्डाको राजनीति हुने गरेको, कार्यक्रमको वारेमा अभिभाकहरुमा चेतना नभएको, विद्यालयमा टाठावाठा अभिभावकहरुको चलखेल बढेको, भविष्यमा सरकारबाट सहयोग नमिल्ने होकी भन्ने डर रहेको जस्ता कमजोर पक्षहरु भएको उल्लेख छ । विद्यालयका अभिभावकहरुबाट प्राप्त तथ्याङ्कको आधारमा विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरणबाट विद्यालयमा राम्रो र नराम्रो दुवैखाले प्रभावहरु परेको कुरा औंल्याइएको छ । समग्रमा हेर्दा विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरणबाट विद्यालयमा नकारात्मक भन्दा सकारात्मक प्रभाव बढि परेको पाइयो ।

# परिच्छेद : छ
# प्राप्ति, निष्कर्ष र सुझावहरु

## ६.१ प्राप्ति

विद्यालयको विकास भन्नु नै विद्यालय आर्थिक, भौतिक र शैक्षिक रुपमा सवल र सक्षम हुनु हो । आर्थिक, भौतिक र शैक्षिक रुपमा विद्यालय सवल भएमा विद्यालयका अन्य शैक्षिक सुचकहरु पनि उच्च हुन जान्छन भने यसले विद्यालयको चौतर्फी विकासमा प्रभाव पार्दछ । विद्यालयको विकासका लागि विद्यालय र समुदाय विचको सम्बन्ध महत्वपूर्ण हुने गर्दछ । विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरणबाट विद्यालयमा आर्थिक, भौतिक र शैक्षिक रुपमा परिवर्तन आउन सक्यो कि सकेन ? समुदाय र विद्यालय विचको सम्बन्धमा सुधार आउन सक्यो कि सकेन ? विद्यालयमा अन्य के कस्ता राम्रा र नराम्रा प्रभावहरु परेका छन भन्ने विषयमा अध्ययन गर्ने सन्दर्भमा विभिन्न व्यक्तिबाट विभिन्न प्रकारका तथ्यांकहरु संकलन गर्ने कार्य सम्पन्न भयो । विद्यालयका अभिलेखहरु तथा विद्यालय संग सरोकार राख्ने विद्यालय निरिक्षक र स्रोतव्यक्ति, विद्यालय व्यवस्थापन समितीका अध्यक्ष, विद्यालयका प्रधानाध्यापक, शिक्षक र अभिभावकहरुको अनुभव एवं आधिकारीक धारणाहरुबाट तथ्याङ्क संकलन गरियो । संकलित तथ्याङ्क हरुको आधारमा विद्यालयको व्यवस्थापन समुदायद्वारा भएपछि देखिएका प्रभावहरुलाई प्राप्तिको रुपमा तल प्रस्तुत गरिएको छ ।

**१. विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिँदा विद्यालयको शैक्षिक उपलब्धिमा देखिएको अन्तरको प्राप्तिः**

**राम्रा प्रभावहरुः-**

१. विद्यालयका शैक्षिक सुचकहरु विद्यार्थी उत्तिर्णदर, सिकाइ उपलब्धी, शिक्षक तथा विद्यार्थीको औषत उपस्थिती, खुद भर्नादरमा बृद्धिहुनु ।

२. विद्यार्थीहरुको कक्षा छोड्ने र दोहोर्‍याउने दरमा कमी आउनु ।

३. विद्यालय भर्ना अभियान प्रभावकारी हुनु ।

४. विद्यालयमा बालबालिकाहरुको आकर्षण बढ्नु ।

५. विद्यालयमा अनुशासीत शैक्षिक वातावरण कायम भएको ।

६. विद्यालयमा पुस्तकालय प्रयोगशाला र शैक्षिक सामाग्रीको उपलब्धता बढेको ।

**२. विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिँदा विद्यालयको आर्थिक एवं भौतिक क्षेत्रमा परेको प्रभावको प्राप्तिः**

**राम्रा प्रभावहरुः-**

१. भौतिक साधन र सुविधा अन्तर्गत विद्यालयमा कक्षाकोठा, सौचालय, खेलमैदान, प्रयोगशाला, पुस्तकालय, शैक्षिक सामग्री, खानेपानी, विद्यालय घेराबेरा, विधुत सुविधाको व्यवस्था हुनु ।

२. विद्यालयले तहगत रुपमा रु. एकलाख र अन्य अतिरिक्त अनुदान प्राप्त गरी आर्थिक लाभ लिन सक्नु ।

३. विद्यालयको आर्थिक कारोवार पारदर्शी हुनु ।

४. विद्यालय आर्थिक रुपले सवल बन्नु ।

**३. विद्यालयको व्यवस्थापकिय पक्ष र समुदाय सँगको सम्बन्धमा परेको प्रभावको प्राप्तिः**

**राम्रा प्रभावहरुः-**

१. विद्यालय र समुदायको विचमा घनिष्ट सम्बन्धको स्थापना भई विद्यालयको विकासका लागि स्रोत परिचालन गर्न, भौतिक सुधार र मर्मत सम्भार गर्न समुदायको सहयोग बृद्धि हुनु ।

२. समुदायमा विद्यालय हाम्रो हो भन्ने भावनाको विकास हुनु ।

३. विद्यालयको विकासमा समुदायको सकृयता र चासो बढ्नुका साथै महत्वपूर्ण निर्णय प्रकृयामा समुदायको संलग्नता बढ्नु ।

४. विद्यालयप्रति समुदायको जिम्मेवारी र दायित्व थपिनु ।

५. विद्यालयमा शैक्षिक सुधारको लागि बालक्लबको गठन हुनु साथै शिक्षक तथा विद्यार्थीको आचारसंहिता वनाई लागू गर्नु ।

६. विद्यालय व्यवस्थापन समितिलाई अधिकार सम्पन्न गराउनु ।

**नराम्रा प्रभावहरु :**

१. शिक्षकहरुमा पेशागत सुरक्षाको ग्यारेन्टीलाई लिएर चिन्ता उत्पन्न हुनु ।

२. एकमुस्ट रु एकलाख अनुदान पाउने प्रलोभनले विद्यालयको व्यवस्थापन जिम्मा लिन उत्साहित हुनु ।

३. विद्यालय व्यवस्थापन समितिको कार्यकुसलतामा बृद्धि नहुनु साथै आफ्ना पहुँच भित्रका समाधानयोग्य समस्याको समाधान गर्न सक्ने क्षमताको विकास हुन नसक्नु ।

४. वि.व्य.स.लाई आफ्नो अधिकार र कर्तव्यको वारेमा ज्ञान नहुनु ।

५. मुलुकको आवश्यकता अनुसार नभई दातृनिकायको निर्देशनमा कार्यक्रम संचालन भएकोले सबैको सहयोग नपाउनु ।

६. विद्यालय व्यवस्थापन समितिले आफुलाई सर्वेसर्वा सम्झी प्रशासनिक काममा दबाव दिनु ।

७. विद्यालयमा राजनीतिक चलखेल बढ्नुका साथै टाठावाठा अभिभावकहरुले विद्यालयमा प्रभुत्व जमाउनु ।

८. विद्यालयको व्यवस्थापन गर्न समुदाय पूर्ण सक्षम नहुनु ।

९. शैक्षिक दायित्वबाट सरकार पन्छन खोजेको महसुस हुनु ।

१०. विद्यालयले पूर्ण स्वायत्तता महसुस गर्न नसक्नु ।

११. जि.शि.का.बाट पर्याप्त मात्रामा निरिक्षण र अनुगमन नहुनु ।

कुनै पनि कुरा गुण र दोषबाट मुक्त हुन सक्दैन । समुदायलाई विद्यालयको व्यवस्थापन जिम्मा दिदैमा सवै समस्याको समाधान निस्किहाल्छ भन्ने अपेक्षा गर्न सकिदैन र गर्न पनि हुंदैन । असल कुरा त त्यही नै मान्नुपर्ने हुन्छ जसमा दोषको भन्दा गुणको मात्रा बढी छ (निर्देशिका २०५९) । समुदायद्वारा व्यवस्थापन हुने विद्यालय सञ्चालन कार्यनिर्देशिकाले माथी उल्लेख गरेझैं विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिंदा त्यसबाट राम्रा र नराम्रा दुवैखाले प्रभावहरु देखापरेका छन् । विभिन्न व्यक्तिहरुबाट प्राप्त भएको तथ्यांकको आधारमा यसको नराम्रो भन्दा राम्रो प्रभाव बढि भएकोले समुदायमा हस्तान्तरण भएका विद्यालयहरुले शैक्षिक, आर्थिक र भौतिक लगायत विविध पक्षमा प्रगती गर्न सकेको हो भन्नेकुरा पुष्टि गर्न सजिलो भयो ।

## ६.२ निष्कर्ष :

निष्कर्षहरु थोरै नमुना र सानो क्षेत्रमा अध्ययन गरी प्राप्त भएकोले राष्ट्रिय रुपमै प्रतिनिधित्व गर्ने खालका नहुन सक्छन । तर अध्ययन क्षेत्रसंग मिल्दोजुल्दो भौगोलिक, आर्थिक, सामाजिक र शैक्षिक परिस्थिती भएका ठाउँहरुमा भने अध्ययनको निष्कर्ष मिल्न सक्ने कुराप्रति सोधकर्ता विश्वस्त छ ।

अध्ययनका प्राप्तिहरु र तथ्यहरुको विश्लेषणका आधारमा हेर्दा विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरणबाट विद्यालयका शैक्षिक सुचकहरुको राम्रो नतिजा देखिनुका साथै आर्थिक र भौतिक रुपमा पनि विद्यालयहरुले प्रगती गरेको पाइयो । विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरणबाट समुदाय र विद्यालय विचको सम्बन्धमा पनि सुधार आउनुका साथै विद्यालयप्रति समुदायको संलग्नता र चासो बढेर गएको पाईयो । विद्यालयमा सामुदायिक गतिविधी बढ्नुका साथै हरेक निर्णयहरु गर्दा पारदर्शिता अपनाउन थालेको पाइयो । यो कार्यक्रमलाई प्रभावकारी वनाउनको लागि स्थानिय स्तरमा पहुँच बृद्धि गराउनु पर्ने देखिन्छ । समुदायमा विद्यालयको व्यवस्थापनको जिम्मा आर्थिक तथा भौतिक प्रलोभनमा परि लिने गरेको देखिन्छ । आर्थिक तथा भौतिक प्रलोभनले नभई समुदायलाई चेतनाको विकास गराई सशक्त र जागरुक वनाइनु पर्ने देखिन्छ । शिक्षकहरुको पेशागत सुरक्षाको प्रत्याभूती दिन नसकिएको कारण कार्यक्रमको विस्तारमा अप्ठ्यारो परेको छ । यस कार्यक्रममा निरन्तरता दिनको लागि शिक्षकका पेशागत संघ संगठनहरुलाई साथ लिई शिक्षकहरुको मनोवल वढाउने खालका कुराहरु समेटिनु पर्ने देखिन्छ । समग्रमा विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने कार्यको विरोध तथा समर्थन दुवै खालका मिश्रित प्रतिकृया पाइएता पनि यस कार्यक्रमबाट राम्रै उपलब्धी हाँसील भएको पाईयो ।

संक्षेपमा भन्नुपर्दा समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरण हुनु पूर्व र हस्तान्तरण भएपश्चात विद्यालयमा धेरै परिवर्तनहरु देखिएका छन् । विद्यालयको शैक्षिक, आर्थिक र भौतिक पक्षमा सकारात्मक परिवर्तन देखिएको छ । भिन्नता देखिनुमा विद्यालय प्रति अभिभावकको चासो बढेको, शिक्षक तथा विद्यार्थीको नियमितता बढेको, विद्यालय व्यवस्थापन समितीको सकृय भूमिका, बालक्लबको सकृयता, विद्यालय प्रशासनको सकृयता

बढ्नु जस्ता कारणहरु प्रमुख रुपमा पाइयो । यस्तो भिन्नताले समुदायमा हस्तान्तरण पूर्व भन्दा हस्तान्तरण भइसके पश्चात केही न केही राम्रो प्रभाव पारेको छ । यसले विद्यालयको व्यवस्थापकिय पक्षको सुदृढिकरणका लागि थप चुनौती सृजना गरिदिएको छ ।

## ६.३ सुझावहरु :

जुनसुकै कुरा गुणैगुणले मात्र सम्पन्न हुन सक्दैन । त्यसमा धेरै वा थोरै रुपमा भएता पनि दोषको मात्रा हुन्छ । यहाँ पनि अध्ययनको क्रममा विद्यालय निरिक्षक, स्रोतव्यक्ति, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक, शिक्षक र अभिभावकहरुबाट प्राप्त तथ्याङ्कको आधारमा विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरणको दोष वा कमजोर पक्षहरु देखिएका छन् । ति कमजोर पक्षहरुलाई निराकरण गर्नका लागि अध्ययनमा समावेस गराइएका व्यक्तिहरु विद्यालय निरिक्षक, स्रोतव्यक्ति, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक, शिक्षक र अभिभावकबाट प्राप्त भएका निम्न सुझावहरु प्रस्तुत गरिएको छ :

१. अभिभावकहरुको क्षमता अभिबृद्धिका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनु पर्दछ ।
२. रु एकलाख पाउने प्रलोभनले भन्दा आफ्नो विद्यालय वनाउन आफैं जुटौं भन्ने भावना जगाउने खालका चेतनामुलक कार्यक्रम सञ्चालन गरिनु पर्दछ ।
३. वि.व्य.स. र प्र.अ.का लागि व्यवस्थापकिय कार्यकुशलता अभिबृद्धि हुने तालिमहरु सञ्चालन गरिनु पर्दछ ।
४. शिक्षकहरुको पेशागत सुरक्षाको ग्यारेन्टीबाट सरकार पन्छदैन भन्ने कुरालाई स्पष्ट पारिनु पर्दछ ।
५. विद्यालय शान्ति क्षेत्र हो यसलाई राजनीति देखि टाढै राखौं भन्ने भावना राजनीतिक पार्टीहरुलाई केन्द्र देखि नै प्रतिवद्धता जाहेर गराउन सक्नु पर्दछ ।
६. विद्यालयप्रति अभिभावकको चासो बढाउन समय-समयमा अन्तर्क्रिया कार्यक्रमको सञ्चालन गरिनु पर्दछ ।
७. स्थानीय स्रोत र साधनको उपयोग अधिकतम रुपमा गर्न अभिभावकहरुलाई उत्प्रेरित र जागरुक बनाउनु पर्दछ ।
८. जि.शि.का.बाट निरन्तर रुपमा सुपरिवेक्षण तथा अनुगमन गरिरहनु पर्दछ ।

९. वि.व्य.स., शिक्षक, अभिभावक र विद्यार्थीको विचमा समय समयमा छलफल र अन्तरक्रिया भइरहनु पर्दछ ।

१०. राज्य कुनै पनि हालतमा शैक्षिक दायित्वबाट पन्छदैन भन्ने कुरामा जनतालाई विश्वास दिलाउन सक्नुपर्छ ।

११. शिक्षामा गरिने लगानी बृद्धि गरिनु पर्छ ।

१२. सरकारले शैक्षिक कार्यक्रम सञ्चालन गर्दा दातृनियकायको निर्देशनमा आधारित भएर नभै समय सापेक्ष र बहुउपयोगी ढंगले आफ्नो विद्यालय आफैं बनाऔं भन्ने रुपबाट अभिप्रेरित गर्न सक्नु पर्छ ।

१३. वि.व्य.स.लाई अझ बढी दायित्व र जिम्मेवारी दिनुपर्दछ ।

१४. वि.व्य.स. विद्यालयको सर्वेसर्वा निकाय होइन केवल विद्यालय विकासको सहयोगी हो भन्ने सचेतता वि.व्य.स.मा ल्याउनु पर्दछ ।

१५. कार्यक्रमको प्रभावकारीता बारे बीच बीचमा मूल्यांकन गरी समय सापेक्ष सुधार गर्दै जानुपर्छ ।

## सन्दर्भ सामग्रीहरु


काफ्ले, वासुदेव, श्रेष्ठ, चन्द्र ब., सिन्हा, राम स्वरुप (२०६०), **शैक्षिक व्यवस्थापन**, बागबजार, काठमाण्डौ, भुडीपुराण, प्रकाशन ।

कोइराला, विद्यानाथ, श्रेष्ठ, चन्द्रबहादुर (२०६३), शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार, काठमाण्डौ, विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६६), **शैक्षिक अनुसन्धान पद्धती**, कीर्तिपुर, काठमाण्डौ, सनलाइट पब्लिकेशन ।

खनाल, श्रीप्रसाद, तिमिल्सीना, विनोदखण्ड (२०६१), **गुणात्मक मूल्याङ्कन अनुसन्धान**, कीर्तिपुर, काठमाण्डौ, क्षितिज प्रकाशन ।

गौतम, सोमनाथ ( २०६६), **समुदायमा हस्तान्तरीत सामुदायिक विद्यालय व्यवस्थापनको प्रभावकारीता**, इन्द्रपुर, मोरङ्ग, अप्रकाशित कृती ।

निरौला, सुभास (२०६३), **सरकारी विद्यालयमा समुदायद्वारा हुने व्यवस्थापनको प्रभाव**, कीर्तिपुर, काठमाण्डौ, अप्रकासित कृती ।

न्यौपाने, पुन्य प्रसाद (२०६१), **शैक्षिक विकेन्द्रीकरण अवधारण, आवश्यकता र चुनौति**, काठमाण्डौ, शिक्षा विभाग ।

लोहनी, भोला प्रसाद (२०४५), **नेपाल अधिराज्यको विद्यालय शिक्षा**, काठमाण्डौ, साझा प्रकाशन।

शर्मा , गोपिनाथ (२०५०), **नेपालको शैक्षिक इतिहास,** काठमाण्डौ, लुम्विनी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवि, शर्मा, निर्मला (२०६१), **शिक्षाको परिचय**, भोटाहिटि, काठमाण्डौ एम. के पव्लिकेशन एण्ड डिस्ट्रिव्युटर्श ।

**शिक्षक मासिक पत्रिका**का विभिन्न अंकहरु, पाटनढोका, ललितपुर , हिमाल एशोसिएसन ।

**शिक्षा नियमावली** (२०५९), चौथो संसोधन (२०६६), डिल्लीबजार काठमाण्डौ जन प्रगतिशिल प्रकाशन ।

शर्मा, मोहनराज, लुइटेल, खगेन्द्र प्रसाद (२०६६), **शोधविधि**, पुलचोक, ललितपुर, साझाप्रकाशन ।

**समुदायद्वारा व्यवस्थापन हुने विद्यालय सञ्चालन कार्य निर्देशिका** (२०५९), केशरमहल, काठमाण्डौ, शिक्षा तथा खेलकुद मन्त्रालय ।

सुवेदी, रामकृष्ण (२०६०), **सामुदायिक विद्यालय व्यवस्थापन हस्तान्तरण परिचय** (**शैक्षिक उन्नयन**), काठमाण्डौ, मकालु बुक्स एण्ड स्टेनर्स ।

अनुसूची -१

**विद्यालयनिरिक्षक र स्रोत व्यक्तिहरुको लागि तयार गरिएको अन्तर्वार्ता निर्देशिका**

समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयहरुको शैक्षिक सुचक बीचको अन्तर ।

समुदायमा हस्तान्तरण भएका र नभएका सामुदायिक विद्यालयहरुको आर्थिक र भौतिक अवस्था ।

विद्यालयप्रति अभिभावकहरुको चासो र सक्रियता ।

विद्यालय व्यवस्थापन समितिलाई प्रदान गरिएका अधिकारहरु ।

विद्यालयलाई प्रदान गरीने अनुदान रकम र यसको उपयोग ।

विद्यालय व्यवस्थापन समितिको कार्य कुशलता ।

विद्यालय निरिक्षक र स्रोतव्यक्तिहरुको जिम्मेबारी ।

विद्यालय व्यवस्थापन समितिको गठन र शिक्षक नियुक्तिमा देखिएका समस्याहरु ।

समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरणबाट देखिएका असरहरु ।

समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरण गर्दाको राम्रा र नराम्रा पक्षहरु ।

विद्यालयको व्यवस्थापन हस्तान्तरणबाट देखीएका समस्याहरुको सुधारका उपायहरु ।

## अनुसूचि - २

(एम.एड. दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तीका लागि तयार गर्न लागिएको शोधपत्रका लागि निम्न प्रश्नावली भरी सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु )

विद्यालयका प्रधानध्यपकको लागि तयार गरिएको प्रश्नावली

प्रधानध्यापकको नाम :- शैक्षिक योग्यता :-

विद्यालयको नाम :- ठेगाना :-

१. तपाईले प्र.अ. भएर विद्यालयमा काम गर्नुभएको कति वर्ष भयो ?

..........................................................................................................

२. तपाईको विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण भएको छ की छैन,छ भने कति वर्ष भयो?

..........................................................................................................

३. विद्यालयको शैक्षिक विकासको लागि के गर्ने गर्नुभएको छ ?

..........................................................................................................

४. तपाईको विद्यालयको शैक्षिक सुचकको अवस्था कस्तो छ ?

..........................................................................................................

५.समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरण हुनुभन्दा पहिलाको र हस्तान्तरण भइसकेपछिको शैक्षिक अवस्थामा कस्तो अन्तर छ ?

..........................................................................................................

६. आर्थिक र भौतिक रुपमा विद्यालयको अवस्था कस्तो छ ?

..........................................................................................................

७. विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण भएपछि आर्थिक र भौतिक रुपमा के कस्तो सुधार भएको छ?

..........................................................................................................

८. जि.शि.का. बाट के कस्तो आर्थिक तथा भौतिक सहयोग पाउनु भएको छ ?

..........................................................................................................

९. विद्यालयलाई आवश्यक पर्ने आर्थिक स्रोत कसरी जुटाउनु हुन्छ ?

..........................................................................................................

१०. तपाईको विद्यलायको व्यवस्थापन समुदयमा हस्तान्तरण भइसकेपछि विद्यालयले पहिलाको भन्दा बढी स्वायत्तता प्राप्त गरेको छ ?

.........................................................................................................

११. विद्यालयको विकासमा समुदायको कस्तो सहयोग पाउनु भएको छ ?

.........................................................................................................

१२. विद्यालयले गर्ने महत्वपुर्ण निर्णय प्रक्रियामा समुदयालाई कसरी संलग्न गराउने गर्नुभएको छ ?

.........................................................................................................

१३. प्रशाशनिक काममा विद्यालय व्यवस्थापन समितिबाट के कस्ता दबाबहरु आउने गरेका छन् ?

.........................................................................................................

१४. तपाईको विद्यलायको व्यवस्थापन समुदायमा हस्तान्तरण भइसकेको भए त्यसबाट विद्यालयको व्यवस्थापकिय पक्षमा कस्तो प्रंभाव परेको छ ?

.........................................................................................................

१५. विद्यालयको व्यवस्थापकिय क्षेत्रमा सुधार ल्याउन के के काम गर्नुभएको छ ?

.........................................................................................................

१६. विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिदा के कस्ता राम्रा र नराम्रा कुराहरु देख्नु भएको छ ?

.........................................................................................................

१७. देखिएको समस्याको समाधानको लागि के सुझाव दिनुहुन्छ ?

.........................................................................................................

अनुसूची - ३

(एम.एड. दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तीका लागि तयार गर्न लागिएको शोधपत्रका लागि निम्न प्रश्नावली भरी सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु )

विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुको लागि तयार गरिएको प्रश्नवली

अध्यक्षको नाम :- शैक्षिक योग्यता :-

विद्यालयको नाम :- लिङ्ग :-

ठेगाना :-

१. तपाईको विद्यालय समुदायमा हस्तान्तरण भएको छ कि छैन ?

.......................................................................................

२. विद्यालयको शैक्षिक विकासको लागि कस्तो योजना बनाउने गर्नुभएको छ ?

...................................................................................................

३. विद्यालयको विकासको लागि आर्थिक स्रोत कसरी जुटाउने गर्नभएको छ ?

...................................................................................................

४. विद्यालयले आफ्नो स्रोतमा राखेका शिक्षक तथा कर्मचारीहरुलाई सरकारी शिक्षक तथा कर्मचारी सरह तलब भत्ता दिने गर्नुभएको छ ?

...................................................................................................

५. विद्यालयमा रिक्त दर्वन्दीमा शिक्षक राख्दा कुनै समस्या पर्ने गरेको छ ?

...................................................................................................

६. विद्यालयका विविध कार्यक्रमहरुमा अभिभावकहरुलाई समावेश गर्ने गरिएको छ ?

...................................................................................................

७. विद्यालयको विकासमा समुदायबाट कस्तो सहयोग पाउनु भएको छ ?

...................................................................................................

८. विद्यालयको विविध गतिविधीको बारेमा अभिभावकहरुलाई कसरी सूसूचित गर्ने गरिएको छ ?

...................................................................................................

९. विद्यालयप्रति बालबालिकाहरुको आकर्षण बढाउन कस्तो कार्यक्रम सञ्चालन गर्ने गर्नुभएको छ ?

...................................................................................................

१०. तपाईको विद्यालय समुदायमा हस्तान्तरण भएको भए हस्तान्तरण हुनुभन्दा अगाडी र पछाडीको समयमा के अन्तर पाउनु भएको छ ?

...................................................................................................

११. विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्दा देखिएको राम्रा र नराम्रा कुराहरु के के छन् ? देखिएको समस्याहरुको समाधानको लागि के सुझाब दिनुहुन्छ ?

...................................................................................................

अनुसूची -४

(एम.एड. दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तीका लागि तयार गर्न लागिएको शोधपत्रका लागि निम्न प्रश्नावली भरी सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु )

विद्यालयका शिक्षकहरुको लागि तयार गरिएको प्रश्नावली

शिक्षकको नाम :- ठेगाना :-

विद्यालयको नाम :- तह : -

शैक्षिक योग्यता :-

१. तपाईको विद्यालयमा विद्यार्थीहरुको सिकाई उपलब्धि कस्तो रहेको छ ?

..........................................................................................................

२. विद्यालयमा प्रयोगशाला, पुस्तकालय, शैक्षिक सामग्रीको उपलब्धता कस्तोछ ?

..........................................................................................................

३. शिक्षकको पेशागत विकासमा विद्यालय प्रशासन र विद्यालय व्यवस्थापन समितिबाट कस्तो सहयोग पाउनु भएको छ ?

..........................................................................................................

४. विद्यालय व्यवस्थापन समितिबाट शिक्षकहरु माथि कुनै हस्तक्षेप र दबाब हुने गरेको छ ?

..........................................................................................................

५. तपाईको विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण भएको भए त्यस कार्यबाट विद्यालयको शैक्षिक विकासमा कस्तो प्रभाव परेको छ ?

..........................................................................................................

६. शिक्षकहरुका पेशागत संघ संगठनहरुले विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने कार्यको विरोध गरेका छन् , यसमा तपाईको के धारणा छ ?

..........................................................................................................

७. विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण भएपछि त्यसबाट के कस्ता राम्रा र नराम्रा कुराहरु देख्नुभएको छ ? देखिएका समस्याहरुको समाधानको लागि के सुझाव दिनुहुन्छ ?

..........................................................................................................

## अनुसूची -५

(एम.एड. दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तीका लागि तयार गर्न लागिएको शोधपत्रका लागि निम्न प्रश्नावली भरी सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु )

अभिभावकहरुको लागि तयार गरिएको प्रश्नावली

अभिभावकको नाम :-

ठेगाना :-

शैक्षिक योग्यता :-

१. विद्यालयको विकासको लागि तपाईहरुले के कस्तो आर्थिक सहयोग गर्दै आउनु भएको छ ?

..........................................................................................................

२. तपाईहरुको नानीको परिक्षा परिणाम कस्तो छ ?

..........................................................................................................

३. विद्यालयले सञ्चालन गर्ने विभिन्न कार्यक्रमहरुको बारेमा तपाईहरुलाई जानकारी हुन्छ कि हुदैन ?

..........................................................................................................

४. विद्यालय र समुदायको बीचमा सुमधुर सम्वन्ध कायम गर्न विद्यालय व्यवस्थापन समितिले के के कामहरु गरेको पाउनु भएको छ ?

..........................................................................................................

५. विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियामा तपाईहरुको कस्तो सहभागिता रहने गरेको छ ? के प्रजातान्त्रिक विधीबाट समिति गठन हुने गरेका छ ?

..........................................................................................................

६. तपाईहरुको विद्यालय समुदायमा हस्तान्तरण भएको हो भने सरकारबाट कुनै सहयोग नपाए पनि तपाईहरु विद्यालय सञ्चालन गर्न सक्नुहुन्छ ?

..........................................................................................................

७. विद्यालयको व्यवस्थापन समुदयामा हस्तान्तरण गर्ने कार्य तपाईलाई कस्तो लाग्छ ?

..........................................................................................................

८. विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्दा के कस्ता समस्याहरु देखा परेका छन् ?

..........................................................................................................

९. ती समस्याहरुका समाधानको लागी के सुझाव दिनुहुन्छ ?

..........................................................................................................

अनुसूची- ६

विद्यालयको भौतिक अवस्थाको बारेमा जानकारी प्राप्त गर्न निम्न अनुसारको रुजुसूची प्रयोग गरिने छ ।

विद्यालयको नाम :-

ठेगाना :-

| क्र.सं | विद्यालयको भौतिक अवस्थाको पक्षहरु | उच्च | मध्यम | न्युन | कैफियत |
|---|---|---|---|---|---|
| १ | कक्षाकोठाको अवस्था | | | | |
| २ | खानेपानिको व्यवस्था | | | | |
| ३ | सौचालयको व्यवस्था | | | | |
| ४ | प्रयोगशालाको अवस्था | | | | |
| ५ | खेल मैदानको अवस्था | | | | |
| ६ | फर्निचरको अवस्था | | | | |
| ७ | विद्यालयमा विधुतको व्यवस्था | | | | |
| ८ | खेल सामग्रीको व्यवस्था | | | | |
| ९ | पुस्तकालयको अवस्था | | | | |
| १० | विद्यालय घेरावारा | | | | |
| ११ | फुलबारी बगैंचा | | | | |